अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

ABHIYAN WEEKLY-2040
राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताको लागि
अभियान साप्ताहिक-२०४० काठमाडौं

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३९ / २०८३ वैशाख १८ गते शुक्रबार / नेपाल सम्वत ११४६ / May. 1, 2026 / मूल्य रू. १०/-

## सरकारलाई विधेयक बनाउन सहज

काठमाडौं । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको सदस्य पदको निर्वाचनमा मुलुकका ठुला भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीको छातामुनि एक भएका माओवादी लगायतका पार्टीका नेताहरूले लज्जास्पद हार भोग्न बाध्य भए । उनीहरूको विकल्पमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको मत सोहोर्न सफल भयो । काठमाडौं महानगरका तत्कालिन मेयर बालेन साह मेयर पदबाट राजिनामा दिएर रास्वपामा प्रवेश गर्दै रास्वपाको वरिष्ठ नेता बन्न पुगे भने उनलाई रास्वपाले भावि प्रधानमन्त्रीको रूपमा उम्मेदवार बनाएको थियो । निर्वाचनको बेला साह मेची देखि महाकाली सम्म पुगे । चुनावको नेतृत्व साहले नै गरेका हुनाले उनलाई जनताले पत्याएका हुन् । रास्वपाले निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको छ,

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# संसदमा झण्डै दुई तिहाई तर शासन अध्यादेशबाट

## आफू अल्पमतमा पर्ने डरले अध्यादेशको सहारा लिने कुटिल प्रयास ?

देवेन्द्र चुडाल



काठमाडौं । जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको सरकारले आफैँले बोलाएको संसदको बैठकलाई स्थगित गरेर अध्यादेशबाटै शासन गर्ने उद्देश्यले गुपचुप तवरले अध्यादेश ल्याउने प्रयास स्वरुप सम्वैधानिक परिषद् सम्बन्धी र सहकारी संस्थाको सदस्यको बचत फिर्ता सम्बन्धी कानुन संशोधन गर्दै राष्ट्रपति कार्यालयमा अध्यादेश पठाएको छ । यी दुई विषय बाहेक अन्य विषयका ३ अध्यादेश समेत राष्ट्रपति कार्यालयमा पठाएको छ । ती अध्यादेशका बारेमा राष्ट्रपतिले कानुनविद् हरूसँग राय सल्लाह लिएपनि कुनै निर्णय भने लिएका छैनन् ।

संसदमा झण्डै दुई तिहाई बहुमतको रास्वपाको बालेन साह नेतृत्वको सरकारले सबै दलहरूलाई विश्वासमा लिएर अघि बढ्नुपर्नेमा एक्लै अघि बढ्ने प्रयासले गर्दा दलहरूबीचमा तिक्तता बढ्ने सम्भावना समेत बढेको छ । वैशाख १७ गतेलाई आह्वान गरिएको अधिवेशन सरकारले वैशाख १० गते स्थगित गरेको थियो । त्यसबेला सरकारले संसद सचिवालयको तयारी नपुगेकाले केही दिनका लागि अधिवेशन स्थगित गरेको तर्क दिएको भएपनि खासगरी सम्वैधानिक परिषद् मा सरकार अल्पमतमा पर्ने डरले गर्दा संसदको वैठक स्थगित गरिएको खुलासा भएको छ ।

सम्वैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने र सदस्यहरूमा सर्वोच्च अदालतका प्रधानन्यायाधिश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख र प्रतितिनिधिसभाका प्रमुख विपक्षी दलका नेता सदस्य रहने सम्वैधानिक व्यवस्था रहेको छ । अहिले रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री रहेका छन् भने कामु प्रधानन्यायाधिश सपना मल्ल प्रधान रहेकी छन् भने सभामुखमा डोल प्रसाद अर्याल, राष्ट्रिय सभाको अध्यक्षमा तत्कालिन माओवादी केन्द्रका नेता नारायण दाहाल रहेका छन् । उनी पुष्पकमल दाहाल निकट मानिन्छन् । उपसभामुखमा श्रम संस्कृति

>>> बाँकी ८ पेजमा

## पूर्वविशिष्ट पदाधिकारीको उपचार खर्च खारेज

काठमाडौं । सर्वोच्च अदालतको सम्वैधानिक इजलासले पूर्व विशिष्ट पदाधिकारीहरूले विदेशमा गएर उपचार गर्दा राज्यकोषबाट उपचार खर्च पाउने कानुनी व्यवस्थालाई खारेज गरिदिएको छ । नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधिमा रहेको पूर्व विशिष्ट व्यक्तिहरूले विदेशमा गराएको उपचार खर्च सरकारले व्यहोर्ने व्यवस्थालाई वैशाख १४ गते बसेको सम्वैधानिक इजलासले खारेज गरिदिएको छ ।

अधिवक्ताद्वय रविका चम्लागाईं र भद्र प्रसाद नेपालले २०८० मा दायर गरेको रिटको सुनुवाई गर्दै सर्वोच्च अदालतकी कामु प्रधानन्यायाधिश सपना प्रधान मल्ल न्यायाधिशहरु कुमार रेग्मी, मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले उक्त

>>> बाँकी ८ पेजमा

## प्रस्तावित निजामति विधेयक प्रति कर्मचारी संगठनहरूको विरोध

काठमाडौं । हाले सरकारले प्रस्तावित गरेको निजामति विधेयकको मस्यौदामा उल्लेख गरिएको विषयमा बारेमा निजामति क्षेत्रमा क्रियाशिल रहेको ६ वटा ट्रेड युनियनले अधिकार कटौती गरी गम्भीर आपत्ति जनाएका छन् । उनीहरूले उक्त प्रस्तावलाई असम्वैधानिक, श्रम अधिकार विरोधी तथा लोकतान्त्रिक मूल्य मान्यताको प्रतिकूल ठहर गर्दै तत्काल खारेजी गर्न सरकार समक्ष माग गरेको छन् ।

गत आइतबार अर्थात वैशाख १३ गते संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै ट्रेड युनियनको कर्मचारीहरूको पेशागत हकहितको संरक्षण र प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा आफ्नो भूमिका महत्वपूर्ण रहेको उल्लेख गरेका छन् । उनीहरूले लोकतन्त्र, गणतन्त्र, शान्ति

>>> बाँकी ८ पेजमा

## सुकुम्बासी समस्या सँधैका लागि बन्द गर सरकार

काठमाडौं । बालेन साह प्रधानमन्त्री बनेको एक महिना नपुग्दै विश्वविद्यालयमा रहेका दलीय संघ संगठनहरु हटाउन र अतिक्रमित जग्गा फिर्ता गर्न उपकुलपतिलाई निर्देशन दिएका थिए । त्यसका लागि प्रधानमन्त्री साहले वैशाख ७ गते ११ वटा विश्व विद्यालय र ७ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिहरूसँग छलफल गरेका थिए ।

छलफलका क्रममा उनले ३ विषयमा चासो देखाएका थिए, पहिलो विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठन सहित प्राध्यापक र कर्मचारी संगठन हटाउने, दोस्रोमा अतिक्रमित जग्गा जमिन फिर्ता ल्याउने र तेस्रोमा शैक्षिक क्यालेण्डर कडाईपूर्वक लागू गर्ने । दलीय विद्यार्थी संगठनहरूको सट्टा गैरदलीय रूपमा विश्व विद्यालयका उपकुलपतिहरूले आ आफ्नो विश्व विद्यालयमा रहेका समस्याहरु सुनाएका थिए । त्यसबेला पनि प्रधानमन्त्री साहले दलीय विद्यार्थी संगठन हटाउने विषयमा चासो देखाएका थिए । अब विश्व विद्यालय र क्याम्पसहरूमा गैरदलीय, गैरराजनीतिक स्ववियू रहनेमा प्रधानमन्त्री साहले प्रष्ट पारेका थिए ।

अतिक्रमित जग्गा जमिन फिर्ता ल्याउने कार्यलाई तिव्रता दिन प्रधानमन्त्री साहले निर्देशन दिएका थिए भने मुलुकभर रहेका सुकुम्बासीहरूलाई हटाउनुपर्नेमा साहको जोड रहेको थियो । अहिले प्रधानमन्त्री साहको

>>> बाँकी ८ पेजमा

## सम्वैधानिक परिषद्, प्रधानन्यायाधिश, उपसभामुख नै निर्णायक

काठमाडौं । नेपाली कांग्रेसले आफ्नो संसदीय दलको नेता चयन गर्न ढिलाई गरिरहेको अवस्थामा बालेन सरकारले अध्यादेश ल्याएर सम्वैधानिक परिषद्, ऐन परिवर्तन गर्न खोजेको थियो तर कांग्रेसले वैशाख १४ गते संसदीय दलको नेता चयन गरिसकेका अवस्थामा के सरकारले अध्यादेश ल्याउँछत भन्ने प्रश्न समेत उठेको थियो । सम्वैधानिक परिषद्को अध्यक्षमा प्रधानमन्त्री रहने र सदस्यहरूमा प्रधानन्यायाधिश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख र संसदमा प्रमुख विपक्षी दलका नेता सदस्य रहने कानुनी व्यवस्था रहेको छ ।

अहिले सर्वोच्च अदालतमा कामु प्रधानन्यायाधिश सपना मल्ल प्रधान रहेकी छन् भने न्याय परिषद्ले प्रधानन्यायाधिशको लागि सर्वोच्च अदालतकी कामु प्रधानन्यायाधिशसँगै अन्य ५ जनाको नाम सम्वैधानिक परिषद्मा पठाएको छ । सम्वैधानिक परिषद्मा ६ जना रहने र बहुमतका लागि ४ जना आवश्यक हुन्छ । अहिले रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्री रहेका छन् भने सभामुखमा पनि रास्वपाकै नेता डिपी अर्याल रहेका छन् । उपसभामुखमा श्रम संस्कृति पार्टीकी रूविना ठाकुर रहेकी छन् भने राष्ट्रिय सभाको अध्यक्षमा तत्कालिन माओवादी केन्द्रका नारायण दाहाल रहेका छन् । संसदको प्रमुख विपक्षी दलका नेता कांग्रेसका भिष्मराज आङ्दम्बे रहेका छन् । सरकारले जेष्ठ १५ गते संसदमा बजेट पेश गर्नुपर्ने सम्वैधानिक व्यवस्था रहेको छ । कांग्रेसले संसदी दलको नेता चयन गरेपछि सम्वैधानिक परिषद्ले पूर्णता पाएको छ । चैत्र १८ गतेदेखि सर्वोच्चमा प्रधानन्यायाधिश पद रिक्त रहेकाले गर्दा अब सम्वैधानिक परिषद्को बैठक बसेर सर्वोच्च अदालत सहित अन्य सम्वैधानिक निकायका रिक्त पदमा सिफारिस गर्नुपर्ने हुन्छ ।

>>> बाँकी ८ पेजमा

## सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णय तत्काल सच्चाउ बालेन सरकार

काठमाडौं । निजी क्षेत्रका सञ्चार माध्यम विशेष गरी साप्ताहिक र छापा माध्यमहरूले दशकौं देखि लोकतन्त्रको लागि पहरेदारी गरिरहेका छन् । तर बालेन नेतृत्वको सरकारले तिनको अस्तित्व संकटमा पार्नु भनेको लोकतान्त्रिक पद्धतिलाई नै कमजोर बनाउनु हो । सरकारले यस्तो आफ्नो आत्मघाती कदमलाई सच्चाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको बालेन सरकारले सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिई सरकारी सञ्चार क्षेत्रलाई मात्र दिने जुन निर्णय गरेको छ, यसले निजी क्षेत्रका सञ्चार माध्यममाथि गम्भीर प्रहार मात्र गरेका छैन



निजी क्षेत्रका सञ्चार माध्यममा कार्यरत हजारौं सञ्चारकर्मी र कर्मचारीहरूको रोजिरोटी समेत खोस्ने प्रयास गरेको छ ।

नेपालमा भएका विभिन्न आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा नागरिक सचेतनाको काम निजी क्षेत्रका सञ्चार माध्यमले नै गरेका थिए । सरकारी सञ्चार माध्यमले त सरकारको गुनगान मात्र गाउने र भक्तिभाव देखाउने बाहेक अन्य केही गरेको थिएनन् । तर, गुणगान गाउन लगाउने र आफ्नो विरोध गर्ने निजी क्षेत्रको सञ्चार माध्यमलाई बन्द गराउन बाध्य पार्ने उद्देश्यले निजी क्षेत्रका सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिने

>>> बाँकी ८ पेजमा

## द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटना टुंग्याउन आदेश

काठमाडौं । सर्वोच्च अदालतले द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनामा परेका उजुरीहरु छिटो छरितो रूपमा टुंगो लगाउन १६ गते आदेश जारी गरेको छ ।

कामु प्रधानन्याधीश सपना प्रधान मल्लको नेतृत्वको बुधबारको संवैधानिक इजलासले संक्रमणकालीन मुद्दाका विषयहरु लामो समय थाती राख्न नहुने भन्दै परेका उजुरीहरु छिट टुंग्याउन निर्देशनात्मक आदेश जारी भएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिएका छन् ।

द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई उन्मुक्ति दिन खोजेको, पीडितको चाहनाविपरीत पदाधिकारी नियुक्ति गरेको भन्दै द्वन्द्व पीडितहरु सर्वोच्च अदालत

>>> बाँकी ८ पेजमा

# The global AI race and the new economic order

Dr Muhammad Bilal Tahir

The global technology landscape is undergoing one of the most transformative shifts since the birth of the internet. Artificial intelligence (AI), once confined largely to experimental laboratories and chatbots, is now becoming the backbone of digital infrastructure, business operations, and public services.

From massive investments in AI data centers to the emergence of autonomous software agents, the technology sector is entering a new phase-one that will redefine economies, jobs, and geopolitical influence in the coming decade. In recent days, several developments in the global tech ecosystem have highlighted the accelerating pace of innovation and competition.

Major technology companies and startups alike are racing to secure the infrastructure, talent, and capital required to lead the next digital revolution. The stakes are enormous because the winners of this race will shape not only technological progress but also economic power in the 21st century.

One of the most significant trends in the technology sector is the intensifying race over AI infrastructure. Global demand for computing power has surged as companies deploy increasingly complex machine learning models. To meet this demand, firms are investing billions in data centers, cloud networks, and semiconductor manufacturing.

For instance, Nvidia recently committed billions to an AI cloud startup, reinforcing the backbone of the AI ecosystem and expanding worldwide computing capacity. This trend marks a major shift in innovation. The focus is no longer solely on software applications or platforms but on the physical and digital infrastructure that powers AI at scale-energy-intensive data centers, specialized chips, and global cloud systems.

Controlling this infrastructure has become a strategic advantage, comparable to how energy resources shaped global geopolitics in the twentieth century. A related development is the push by technology giants to design custom AI chips.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.



Companies like Meta are developing proprietary silicon to handle massive workloads efficiently, optimize recommendation engines, and power generative AI tools. This reflects vertical integration, where firms control every layer of the technology stack —from hardware to software to data. By owning their infrastructure, companies reduce costs, improve performance, and decrease reliance on external manufacturers. Globally, this shift may reshape the semiconductor industry and create opportunities for emerging players.

Beyond infrastructure, artificial intelligence is fundamentally transforming the nature of work. Technology leaders warn that AI could disrupt labour markets sooner than many governments anticipate. Automation powered by AI is already reshaping industries such as software development, finance, and customer service.

Software companies increasingly rely on AI tools that can write code, analyze data, and automate routine tasks. While these tools significantly boost productivity, they also raise challenging questions about employment and workforce skills.

Some firms have begun restructuring their teams to adapt, signalling a profound shift in the landscape of white-collar work. Simultaneously, venture capital continues to flow aggressively into AI startups. Robotics, cybersecurity, and AI-powered platforms are attracting record investment as investors bet on the next generation of technological breakthroughs.

Recently, an AI robotics startup secured hundreds of millions of dollars in funding, reflecting strong confidence in "embodied AI"-machines capable of interacting with the physical world. Yet, rapid AI growth also brings ethical and security concerns. Governments around the world are debating regulations on autonomous weapons, surveillance technologies, and data privacy. Policymakers face the difficult task of balancing innovation with citizen protection. For developing countries like Pakistan, the global AI race presents both opportunities and challenges. Pakistan has taken tangible steps to position itself in the digital economy. Initiatives under the Digital Pakistan Vision aim to expand high-speed internet connectivity, promote IT exports, and integrate AI and data science into education and industry. Startups in fintech, health tech, and e-commerce are leveraging AI to enhance services and reach underserved communities.

Pakistan's universities are increasingly offering specialized programs in AI, machine learning, and robotics to cultivate a skilled workforce capable of contributing to local and global technology markets. Public-private partnerships are fostering innovation hubs, incubation centers, and research programs, providing startups with mentorship, funding, and access to international markets. Yet challenges remain: limited infrastructure, slow adoption of high-end computing, and regulatory hurdles could hinder progress.

Policymakers, academia, and industry must collaborate to build robust technology ecosystems—supporting R&D, promoting entrepreneurship, investing in connectivity, and advancing digital literacy among youth. The world is entering a new industrial revolution-driven not by steam or electricity, but by data, algorithms, and intelligent machines. Countries that grasp this shift and invest wisely in technology will define the global economy. Pakistan, with sustained investment and policy support, has the potential not just to consume technology but to actively shape the AI-driven world.

The question is no longer whether artificial intelligence will transform our world. The real question is whether Pakistan will rise from the sidelines to become a hub of innovation rather than a mere consumer of technology. It is time for bold action: invest massively in AI research, forge global partnerships, empower startups with funding and infrastructure, and equip the next generation with digital and data skills.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.

# चक्रपथ दोस्रो खण्ड स्तरोन्नतिका लागि चीनसँग कार्यान्वयन सम्झौता

काठमाडौं । काठमाडौं चक्रपथको ८.२ किलोमिटर लामो कलंकी–वसुन्धारा खण्ड स्तरोन्नतिका लागि चीनसँग कार्यान्वयन सम्झौता भएको छ । चीनको प्राविधिक तथा आर्थिक सहयोगमा स्तरोन्नति हुने सो सडक विस्तारका लागि बुधबार द्विपक्षीय कार्यान्वयन सम्झौता भएको छ । भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री सुनील लम्साल र नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङबिच उक्त सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो ।

गत १२ फागुनको मन्त्रिपरिषद् बैठकले कलंकी–वसुन्धाराको निर्माणमा चीनलाई सबै प्रकृतिको करमा छुट दिने निर्णय गरिसकेको छ । 'चीन सरकारको अनुदान सहयोगमा निर्माण तथा स्तरोन्नति हुने कलंकीदेखि वसुन्धरासम्मको काठमाडौं चक्रपथ सुधार आयोजना कार्यान्वयन सम्झौतामा उल्लेखित विषयहरूमा कर छुट दिने,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको थियो । त्यसपछि चीनसँग कार्यान्वयन सम्झौता गर्ने बाटो खुला भएको हो ।

मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलले चक्रपथ दोस्रो खण्ड विस्तारका लागि चीनसँग कार्यान्वयन सम्झौता भएको बताए । 'चक्रपथ दोस्रो खण्ड विस्तारका लागि चीनसँग कार्यान्वयन सम्झौता भएको छ । अब यसको थप प्रक्रिया अघि बढ्नेछ,' उनले भने । योसँगै अब चीनले सडक विभागलाई परियोजनाको डिपिआर बुझाउनेछ ।

चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बन्ने यो परियोजना सात वर्षदेखि अलपत्र थियो । सोहीक्रममा पछिल्लोपटक ६ भदौ ०८१ मा ८.२ किलोमिटर लामो उक्त सडक खण्ड विस्तार गर्न चीन र नेपालबिच अनुदान सम्झौता भएको थियो । त्यसपछि चीनको सिसिसिसी फर्स्ट हाइवे कन्सल्ट्यान्ट्स कम्पनी लिमिटेडले परियोजनाको डिपिआर बनाउने प्रक्रिया अघि बढाएको थियो । उक्त कम्पनीले परियोजनाको डिपिआरसँगै 'बिड डकुमेन्ट' पनि तयार गरिसकेको छ । कार्यान्वयन सम्झौता गरेपछि डिपिआर बुझाउने चीनको तयारी थियो । बुधबार कार्यान्वयन सम्झौता भएसँगै अब चीनले परियोजनाको डिपिआर पनि बुझाउनेछ । सडक विभागका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले अब चीनबाट डिपिआर पनि प्राप्त हुने बताए । 'चीनले परियोजनाको डिपिआर यसअघि नै तयार गरिसकेको थियो । तर, कार्यान्वयन सम्झौता भएपछि मात्रै डिपिआर बुझाउने भनिएको थियो,' उनले भने, 'बुधबार कार्यान्वयन सम्झौता भएसँगै अब चीनले डिपीआर पनि बुझाउनेछ ।'

डिपिआर सडक विभागबाट स्वीकृति भएपछि चीनले निर्माणको काम सुरू गर्न सक्नेछ । डिपिआर अध्ययन तथा स्वीकृति, खरिद प्रक्रियालगायतका चरण पूरा गर्दा अब ६ महिनादेखि एक वर्षमा निर्माण सुरू हुने अपेक्षा गरिएको छ । आर्थिक र प्राविधिक सहयोग गरेको चीनले आफैँ ठेकेदार कम्पनी छनोट गरेर निर्माणका लागि परिचालन गर्नेछ । निर्माणका काम सम्पन्न भएपछि चीनले नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्नेछ । परियोजनाको निर्माण कार्य सम्पन्न हुन चार वर्ष लाग्ने अनुमान छ । परियोजनामा चीनले ५६ करोड ६० लाख चिनियाँ युआन अनुदानस्वरूप खर्च गर्दै छ, जुन नेपाली रूपैयाँमा झन्डै ११ अर्ब रूपैयाँ हुनेछ ।

सम्झौतापछि मन्त्री लम्सालले परियोजना कार्यान्वयनका क्रममा समस्या उत्पन्न भए एक दिनमै समाधान गर्दै आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गरे । उत्तर–दक्षिण जोड्ने सडक निर्माण सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै नेपालको पूर्वाधार विकासमा चीन सरकारबाट थप लगानीको अपेक्षा रहेको उनको भनाइ छ । त्यसैगरी, चिनियाँ राजदूत माओमिङले उपयुक्त लगानी वातावरण बनेमा धेरै चिनियाँ लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक रहेको बताए ।

चीनकै अनुदानमा सन् १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो । त्यसलाई चीनकै अनुदानमा विस्तार गर्ने गरी पहिले नै द्विपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार चीनले पहिलो चरणमा चक्रपथको कोटेश्वर–सातदोबाटो–एकान्तकुना–कलंकी खण्डको विस्तार गर्ने काम ०७५ मै सम्पन्न गरिसकेको छ ।



# राजनीतिक राप, रक्तपात, जनताको साथ ?



• राजन कार्की
rajan2012karki@yahoo.com

३७ वर्ष लामो राजनीतिक कालरात्रिपछि रक्तपात भयो र निर्वाचनमा जनताले लारात्रिको विपक्षमा मतदान गरे । नयाँ पुस्ताको सरकार पनि बन्यो । नयाँ पुस्ताले नयाँ जिम्मेवार राजनीतिक संस्कार र विधिबाट चल्ने कानुनव्यवस्था अर्थात लोकतान्त्रिक अपेक्षा अनुसारको थिति बसाल्ला कि नबसाल्ला ?

भदौ २३ र २४ मा भएको नरसंहारबाट सिर्जित शोक सकिएको छैन । शोक शक्तिमा बदलिएको छ । यो शक्तिले फेरि फेरि शोक गर्नु नपर्ने वातावरण बनाउला कि नबनाउला ?

बहुदलको कालारात्रि फार्न ३७ वर्ष लाग्यो । यो ३७ वर्षको शोक, सम्भनाहरु हस्तान्तरण भएका छन् । सुखानुभूतिको आशा जागेको छ, विश्वास भरिएको छ । पुरानोबाट नयाँतर्फको मार्ग खुलेको छ । यो नयाँ मार्ग, नयाँ पुस्ताले नयाँ पदचिन्ह पहिल्याउन सके भने भग्नावशेष बनिसकेको देशले काँचुली फेर्नेछ ।

रास्वपा र बालेन सरकारलाई कसरी घेर्ने, कमजोर पार्ने र असफल बनाइदिने भनेर विपक्षीहरु अनेक चालबाजी गरिरहेका छन् । बालेनका सबै निर्णयहरूलाई राष्ट्रिय सभामा अल्फाइदिने रणनीति थाहा पाएर बालेन सरकारले अध्यादेश पहिले अनि बजेट अधिवेशनको नीति अख्तियार गऱ्यो । यो देखेर विपक्षीहरु आतिए र संसद छलेको आरोप लगाउन पुगेका छन् । यसबारे प्रम बालेनले जनताका नाममा स्पष्ट पारेका छन्-

राजधानी र देशैभरि सुकुमवासी समस्या समाधान गर्ने सम्बन्धमा अनेक आलोचना गर्ने राजनीतिक र अन्यहरूबारे प्रम बालेन साहले लेखेका छन्- सुकुम्वासीको नाममा दशकौंदेखि राजनीति हुँदै आयो । नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादीलगायतका दलहरूले यो मुद्दालाई समाधानभन्दा बढी चुनावी नारामा सिमित राखे । तर मैले प्रधानमन्त्रीको रूपमा सपथ लिएको आज सय दिनभित्र, सुकुम्बासी समस्या समाधानको स्पष्ट मार्गचित्र तयार गरी व्यावहारिक काम अगाडि बढाइसकेको छु अब सुकुम्बासीको नाममा राजनीति होइ, व्यवस्थापन, अधिकार र सम्मानको सुनिश्चितता हाम्रो प्राथमिकता हो । देश र जनताको हितमा, अब काम परिणामुखी हुनेछ, बहानामुखी होइन ।

जो वास्तविक सुकुमवासी हुन्, तिनले सरकारप्रति विश्वास गरेका देखिन्छन् । हुकुमवासी जति चिच्याए पनि तिनको भागम् भाग देखिदैछ ।

यसैबीच बालेन सरकारले सयदिनभित्र सुरू गर्नुपर्ने कामका लागि अध्यादेश ल्याउन खोज्दा सबै विपक्षी एक भएर बालेन सरकारलाई घेर्ने नीति लिएका छन् । यसबारेमा प्रम बालेनले भनेका छन्- अध्यादेशको विरोध गर्नेहरु छन्, यो स्वभाविक पनि हो । तर यथार्थ के हो भने नियमित अधिवेशनबाट कानुन पारित गर्न जाँदा धेरै समय लाग्छ । देश विकासका लागि आवश्यक केही महत्वपूर्ण कानुनहरु छिटो बनाउनु पर्ने आवश्यकता देखिएको छ । त्यसैले संविधानले दिएको अधिकार प्रयोग गर्दै अध्यादेशमार्फत अघि बढेका छौं । हाम्रो उद्देश्य कसैलाई असहज बनाउनु होइन, बरू देशलाई छिटो परिवर्तन र विकासको दिशामा अघि बढाउनु हो । समयको माग अनुसार काम नगर्ने हो भने हामी पछाडि पर्छौं, त्यसैले जनताको हितलाई केन्द्रमा राखेर हामीले यो निर्णय गरेका हौं ।

सताले सुकुमवासीलाई प्रहरी रिपोर्ट, नागरिकता, सिफारिस नपाउने भनेर तर्साएको विपक्षीले आरोप लगाएका छन् । त्यो आरोप विपरित सक्कली सुकुमवासीहरूले स्थायी बसोबासको व्यवस्था होस् भनेर सरकारलाई सघाएको सबैले देखे बुझेका छन् । हो, बालेन सरकारले स्टण्डमात्र गर्छ कि सुकुमवासीको व्यवस्था मिलाउँछ, त्यो भने प्रतिक्षाको विषय हो । चुनावका बेलामा नगारिकसँग करार गरेको र बाचापत्रअनुसार अघि बढ्ने रास्वपाको निर्णय भइसकेकाले सरकारले आफैले कोरेको लक्ष्मण रेखा नाघ्ने छैन भन्ने विश्लेषण भइरहेको छ । रास्वपा र बालेन सरकार समाजशास्त्रीय र नैतिक बन्धनबाट बाँधिएको छ ।

गत भदौ २३ र २४ को आन्दोलन र विध्वंश राजनीतिक दुस्वप्न हो । यो दुस्वप्नको कारक बहुदलदेखि लोकतन्त्रसम्म एकछत्र आलोपालो शासन गरेका नेता र पार्टीहरु नै हुन् । तिनले आरोपका लागि रास्वपा र बालेन सरकारमाथि आरोप लगाउन सक्छन्, अमेरिकाबाट सञ्चालित पनि भन्न सक्छन् ।

हालैको एउटा घटना अमेरिकी सहायक विदेशमन्त्री समीर पाल कपुरले नेपाल भ्रमण गरेका थिए । उनले ४ थान हेलिकोप्टर नेपाललाई उपहार दिने प्रस्ताव गरेका थिए तर बालेन सरकारले लिन चाहेन । फेरि अर्का अमेरिकी मन्त्री नेपाल आउँदैछन्, उनले पनि नेपालको विकास र नेपालीको गाँसबासका लागि आयोजनाको प्रस्ताव लिएर आउनेछन् । बालेन सरकार यस्तो सरकार हो, जसले भूराजनीतिक खेलबाट नेपाललाई बचाएर छिमेकी र मित्रराष्ट्रहरूसँग सहकार्य गर्ने नीति लिएको देखिन्छ । विपक्षी दलहरु एसपीपीमा सही गर्ने भयो बालेन सरकारले भनेर निकै होहल्ला मच्चाए, प्रम बालेनले खुलासा गरिदिए- सरकारले कुनै पनि सैनिक गठबन्धनमा सहभागी हुनेछैन ।

अब विपक्षीहरु भदौ २४ को घटना छानबिन गर्ने माग गरिरहेका छन् । संविधान संशोधनका विषयमा राष्ट्रियसभामा अल्फाइदिने रणनीतिमा लागेका छन् । २६ हजार पूर्व पदासीनहरूको सम्पत्ति छानबिन सुरू भइसकेको छ । अध्यादेशपछि संवैधानिक परिषदले एउटै निर्णयले पहिलेका राजनीतिक नियुक्त गरिएकाहरु खारेज हुनेछन् भने संवैधानिक पदपूर्तिमा आश्चर्यजनक दृश्यहरु देखिने अनुमान गरिएका छन् । प्रम बालेन साहले आफूलाई खुला किताबजसरी सामाजिक सञ्जालमा पेश गरिसकेका छन्- म पैसा कमाउन पदमा आएको होइन । जनताको आँसु पुछ्ने छु । भ्रष्टाचारीमाथि कुनै छुट दिनेछैन । बालेनका निर्णय र काम गर्ने शैलीलाई जनताले वाहवाही गरिरहेका छन्, जो जो पदमा छन्, तिनीहरूमा अतास चलेको देखिदैछ । रास्वपाको जीत र बालेन सरकार, विहानीले दिउँसो घाम लाग्छ भन्ने संकेतचाहिँ दिएको छ । हीरा हो कि किरा ? स्टण्ट हो कि यथार्थ ? समयक्रममा सबैले देख्दै जानेछन् । भन्नेहरु त, सिंगापुरको ली क्वानयुको भल्का देखियो पनि भन्न थालेका छन् ।

२०८२ साल र ०८३ साल नेपाली राजनीतिले यूटर्न लिएको वर्ष बन्यो । अब राजनीति अपराधी चक्रव्यूहबाट मुक्त हुनुपर्छ, नैतिक बन्धनबाट बाँधिनुपर्छ । राजनीतिमा नैतिकता गढ्यो भने कानुन व्यवस्था चम्किदै जानेछ, समाज सभ्य र देश समृद्धितिर स्वतः लाग्दैजानेछ ।

बहुदलपछिको ३७ वर्ष जंगलराजको कथाबाचनजस्तो अन्धकारमा धकेलियो । त्यो अन्धकार जनताले स्वीकार भएन र वर्तमान कालखण्डको उदय भएको हो । शासन प्रभावहीन बन्दैजाँदा गाईजस्तो देश गधाको नियतिमा पुग्यो । यथार्थ यही हो, यो राजनीतिक अपराधशाला जनताले नकारेका छन्, भत्काएका छन् । भ्रमबाट मुक्तीको खोज यो राजनीतिक परिवर्तन हो । गत ३७ वर्ष नेता र पार्टीहरूले आफ्नै हितमा राज्यदोहन गरे, शक्तिको दुरूपयोग गरे । यसको विरूद्धमा परिवर्तन आएकाले राजनीतिक रात, रक्तपातको आँधीमा जनताले परिवर्तन रोजे । अब अब स्वराज, स्वतन्त्रता, शान्ति र समृद्धि आउँछ कि आउँदैन, परिवर्तनले ल्याउँछ कि ल्याउँदैन भन्ने उत्सुकता नेपालमा मात्र होइन, विश्वमै फैलिदैछ ।

यतिबेला नेपाल फेरि विश्व नजरमा परेको छ । रामराज्य नहोला, जनताले अपनत्व लिने हाम्रो सरकार छ, हामीलाई सरकारले हेर्छ भन्ने भरोसा देखियो भने परिवर्तनको सार्थकता सुरू भयो भन्ठान्दा हुन्छ । शंका गर्ने, आक्षेप लगाउने, भगडा भिक्ने काम पुरानाले गर्नु निकम्मा पन हो । बहुदलवादी जो थिए, तिनै हुन् लोकतन्त्रवादी पनि । तिनले ३७ वर्ष नैतिकहीन शासन गरेकै हुन्, कम्तिमा रास्वपा र बालेन सरकारलाई जनताले ५ वर्षको म्याण्डेट दिएका छन् । यो ५ वर्ष तिनले तगारो नहाले, जेनजी पुस्ताको परीक्षा हुनेथियो । अनुभवहीन छन्, कमजोरी देखियो होला । त्यसको आलोचना गर्ने होइन, सकिन्छ, तिनलाई सुमार्ग देखाउने, सकिन्न, सच्चिन दिनु उचित हुनेछ । किनकि देश खरानी भएको छ, खरानीबाट देश उठाउँछु भन्नेलाई किन मौका नदिने ?

देशले अरू विध्वंशको भार खप्नसक्ने स्थिति छैन । जेजति बालबालिका मारिए, आमाहरु थप वियोग सहन गर्नसक्ने स्थिति पनि छैन । जुन क्रुरता थियो, हुरी जसरी आयो र सकियो । फेरि यस्तो क्रुरता देख्न नपरोस्, आँधी-हुण्डरी भोग्न नपरोस् ।

जुन त्रासदी थियो, त्यो त्रासदीपछि नयाँ श्रृङ्खला सुरू भएको छ । बहुदल, लोकतन्त्रको आवरणमा देखिएका नैतिकहीनताको चक्र पूरा भएको छ । जेनजी पुस्ताले भ्रष्ट, अनैतिक अध्याय पल्टाएको छ । समयक्रममा देखिनेछ कि जनताप्रति जवाफदेहीता सुरक्षित भयो कि भएन ?

बालबालिकाले बलिदान दिए, ३७ वर्षमा धेरै शहीद बने । बल्ल राजनीति रुपान्तरण भएको छ । मूर्त त्यागमा मूर्त परिवर्तन देखिनुपर्छ । मृतकहरु जिवन्त छन्, अमर छन् । तिनको अमरता जिवित हुनका लागि पनि परिवर्तन फलदायी हुनुपर्छ ।

बलिदानी बालबालिकाको सपनाको भार रास्वपा र प्रम बालेनको काँधमा छ । भार नलागोस् । नेपालको जेनजीले ल्याएको परिवर्तन देखेर विश्व चकित छ । विश्वका जेनजी पुस्ता परिवर्तनका लागि हौसिएका छन् । यो हौसला मर्नु हुन्न । यो हौसलाले वर्तमान र आगामी दिन नयाँ पुस्ताको हो भन्ने मानक स्थापित हुनुपर्छ ।

देश र देशवासीले अब राजनीतिक कूशासनको शोक मनाउनु नपरोस् ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

# अभियान साप्ताहिक

## सम्पादकीय

### पहिलाको जस्तै मुख्य सचिव र सचिवहरू देउसी खेल्लान् ?

*तत्कालिन प्रतिनिधिसभाको २०७४ र २०७९ का दुवै कार्यकालयमा निजामित विधेयकको मस्यौदा तयार पारेको भएपनि संसदबाट पारित हुन सकेको थिएन। गत फागुन २१ गते सम्पन्न भएका प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत पाएको थियो। पार्टीका वरिष्ठ नेता बालेन साहलाई निर्वाचन अघि नै रास्वपाले भावि प्रधानमन्त्रीका रुपमा उभ्याएको थियो। उनी नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई झापा निर्वाचन क्षेत्र ५ बाट पराजित गर्न सफल भएका थिए भने गत चैत्र १३ गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए।*

*बालेन साह नेतृत्वको सरकारले वैशाख ३ गते नै मुख्यमन्त्रीहरूको वैठक बोलाएको थिए। त्यसबेला मुख्यमन्त्रीहरूले तत्काल निजामति सेवा सम्बन्धी कानुन चाँडो ल्याउन प्रधानमन्त्री साहसँग आग्रह गरेका थिए। प्रदेशको आफ्नै कर्मचारी हुने सम्वैधानिक व्यवस्था रहेको छ। तर अहिले सम्म संघीय कानन नभकाले गर्दा प्रदेशहरूले आफ्नो कर्मचारी राख्न पाएका छैनन्। संघीय मामिला तथा सामान्य मन्त्रालयले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। साह चैत्र १३ गते प्रधानमन्त्री बनेको दिनमा उनले ल्याएको कार्ययोजनामा संघीय निजामति सेवा ४५ दिनभित्रमा तर्जुमा गर्ने भनिएको थियो त्यही कारणले गर्दा मन्त्रालयले एक महिना भित्रैमा विधेयक समस्यौदा तयार गरिएको र मस्यौदा विधेयकमा प्रशासनिक संरचनालाई संघीयता अनुकूल बनाउने प्रावधान थपिएका छन्। विधेयकमा विभागीय प्रमुख, कार्यालय प्रमुख वा प्रशासनिक नेतृत्वको नियुक्तिलाई योग्यताको मापदण्ड, मूल्यांकनका आधारमा गर्ने विषयलाई महत्व दिन खोजिएको जस्तो देखिन्छ।*

*मस्यौदाको परिच्छेद १२ मा प्रशासनिक अन्तरसम्बन्धको व्यवस्था गरिएको छ। जस्मा प्रदेश निजामति सेवा रहने प्रदेश सरकारका प्रमुख सचिव प्रदेश सचिव, स्थानीय सेवा, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सहित तिन तह अन्तरसम्बन्ध सम्बन्धित रहेको छ। मस्यौदा विधेयकमा प्रदेश र स्थानीय तह सम्बन्धी कानुन निर्माणमा पालना गर्नुपर्ने मापदण्ड, समायोजन भएका वा खटिएका कर्मचारीसम्बनधी विशेष व्यवस्थाको प्रावधानहरू रहेका छन्। यी कार्यले प्रशासनिक संरचना संघीयताको कार्यान्वयनलाई सघाउने छ भन्ने उल्लेख गरिएको छ।*

*यसअघि पनि २०८० फागुन २१ गते तत्कालिन सरकारले निजामति सेवा विधेयक प्रतिनिधिसभामा पेश गरेको थियो। राज्य व्यवस्था तथा सुशासन समितिमा लामो समयसम्म छलफल भएर प्रतिनिधिसभाले २०८२ असार १५ गते पारित गरेर राष्ट्रियसभामा पठाएको थियो। तर भाद्र २३ र २४ गते जेनजीहरूको आन्दोलनले गर्दा प्रतिनिधिसभा नै विघटन भएको थियो। उक्त विधेयकसँगै प्रतिनिधिसभामा विचाराधिन रहेका ३० वटा विधेयक निष्क्रिय हुन पुगेका थिए। तत्कालिन सरकारले ल्याएको र प्रतिनिधिसभाबाट पारित भएको विधेयकलाई लिएर सरकारका तत्कालिन मुख्यसचिव एकनारायण अर्यालसहित प्रतिनिधिसभाका महासचिव र अन्य केही सचिवहरू विधेयकमा रहेका केही प्रावधानहरू जस्तै कर्मचारी अवकाशमा गएको दुई वर्षसम्म कुनै पनि राजनीतिक नियुक्तिका लागि अयोग्य हुने भन्दै कुलिङ अफ पिरियड राखिएको भन्दै विरोधमा लागेका थिए भने उनीहरूले सो व्यवस्था हटाउन तत्कालिन सरकारलाई दवाव दिंदै प्रधानमन्त्री सहित सभामुख, राष्ट्रिय सभा अध्यक्ष, राजनीतिक दलका कार्यालय र मन्त्रीहरूको कार्यालय नै पुगेर विरोध जनाएका थिए। आफूहरू अवकाशमा जाने निश्चित भएपछि उनीहरूले कुलिङ पिरियड हटाउनुपर्ने भन्दै सरकारलाई दवाव दिएका थिए। अहिलेको विधेयकमा पनि त्यो व्यवस्थालाई राखिएको छ। के अबपनि कर्मचारीहरूले त्यसको विरोध गर्लात त ? विधेयकमा कर्मचारीहरूका संगठन नहुने, राजनीतिक दलको सदस्यता लिएर सरकारले उनीहरूलाई बर्खास्त गर्न सक्ने व्यवस्था विधेयकमा उल्लेख गरिएको छ।*

*विधेयकमा मुख्य सचिव र सचिवको पदावधि २ वर्ष मात्र हुने व्यवस्था गरिएको छ। पहिला मुख्य सचिव ३ वर्ष र सचिवको पदावधि ५ वर्ष थियो। अब त्यसलाई हटाएर २ वर्ष कायम हुने विधेयकमा उल्लेख गरिएको हुनाले के कर्मचारीहरूले त्यसको विरोध गर्लात त ? यसरी बालेन सरकारले कर्मचारीतन्त्रलाई केही हदसम्म नियन्त्रणमा राख्ने प्रयास गरेको जस्तो देखिएको छ। कर्मचारीहरूका समस्याहरू समाधान गर्न साझा संयन्त्र बनाउनु आवश्यक देखिन्छ भने उनीहरूलाई दलमा आवद्ध हुन नसक्ने व्यवस्थालाई कडाईका साथ लागु गरेर पालना गर्न बाध्य बनाइएको खण्डमा जनताले सहज रुपमै सेवा सुविधा पाउन सक्ने ठहर हामीले गरेका छौं।*

# लक्ष्य मात्र तोक्ने कि लगानीको वातावरण पनि बनाउने ?

**अर्जुनकुमार गौतम**

नेपालको जलविद्युत् क्षेत्र लगानीका दृष्टिले अत्यन्त सम्भावनायुक्त मानिन्छ । सरकारका नीतिगत दस्ताबेजले यसको विकासलाई प्राथमिकतामा राखेको हुनाले विगत केही वर्षयता यस क्षेत्रको लगानीमा निजी क्षेत्र, सर्वसाधारण लगानीकर्ता एवं बैंक तथा वित्तीय संस्थाको आकर्षण र लगानीको क्षमता पनि बढ्दै गएको पाइन्छ । वर्तमान सरकारले आगामी दश वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । विगतका सरकारले पनि यस्ता महत्वाकांक्षी लक्ष्य राख्ने गरेका थिए । त्यस्तो लक्ष्य निर्धारणमा सरकारको नेतृत्व फेरिएपछि एक प्रकारको प्रतिस्पर्धा नै देख्न पाइन्छ । तर, लगानीको उपयुक्त र विश्वसनीय वातावरणको विकास हुन नसक्दा विगतमा लक्ष्य र उपलब्धिमा ठुलो खाडल देखियो । यस्तो परिस्थितिका बाबजुद यस अवधिमा निजी क्षेत्रको भूमिका निकै उपलब्धिमूलक रह्यो । तर, सरकारी क्षेत्रका आयोजनाको प्रगति भने दयनीय देखियो । यस तथ्यले लगानीको उपयुक्त वातावरणको विकास हुने हो भने सरकारको विद्युत् विकासका लक्ष्य पूरा गर्न निजी क्षेत्र सक्षम भएको संकेत गर्छ ।

यस क्षेत्रमा हुने लगानीमा विभिन्न प्रकारका जोखिम छन् । यस्ता जोखिमले लगानीको वातावरण बिगार्छन् । जोखिमको समुचित पहिचान, मूल्यांकन तथा व्यवस्थापन नगरी लगानी बढाउनु दीर्घकालीन रूपमा प्रत्युत्पादक हुन सक्छ । यसले वित्तीय प्रणालीमा असन्तुलन ल्याउनुका साथै अर्थतन्त्रलाई समेत दुर्घटनातर्फ लैजान सक्छ ।

जलविद्युत् आयोजना अन्यभन्दा फरक र विशिष्ट प्रकृतिका हुन्छन् । आयोजना सम्पन्न गर्न लामो समय लाग्छ । विभिन्न आन्तरिक तथा बाह्य क्षेत्रमा सिर्जना हुन सक्ने प्रतिकूल परिस्थितिका कारण निर्माण अवधि लम्बिने जोखिम पनि हुन्छ । लगानीको प्रतिफल र लगानी फिर्ताका लागि लामो धैर्य आवश्यक हुन्छ । आयोजना निर्माण गर्न ठुलो पुँजी आवश्यक पर्ने भएकाले लगानीकर्तामा उच्चस्तरको उद्यमशीलता, वित्तीय क्षमता र जोखिम बहन गर्न सक्ने क्षमता आवश्यक पर्छ । आयोजनाका अधिकांश संरचना भूमिगत तथा अर्धभूमिगत रूपमा निर्माण हुने भएकाले भौगर्भिक अनिश्चितता विद्यमान हुन्छन । विद्युत् उत्पादन क्षमता जलप्रवाहको परिमाणमा आधारित हुन्छ । जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् आपूर्तिका लागि प्रसारण तथा वितरण प्रणालीमा भर पर्नुपर्छ । प्रसारण तथा वितरण प्रणाली कमजोर भएमा विद्युत् उत्पादन र आयमा प्रत्यक्ष असर पर्छ ।

लगानीमा नीतिगत तथा राजनीतिक जोखिम निकै महत्वपूर्ण मानिन्छ । यसअन्तर्गत नीतिगत अस्थिरता, कानुनी अस्पष्टता, प्रक्रियागत जटिलता, कमजोर अन्तरनिकाय समन्वय, कमजोर सुशासन, नियामकीय प्रबन्ध आदि समावेश हुन्छन् । यस्तो परिस्थितिले लगानीकर्तामा असुरक्षा र उच्च जोखिमको महसुस गराउँछ । नियमन प्रणाली कमजोर हुँदा पारदर्शिता र संस्थागत सुशासन कमजोर बन्छ तथा आयोजना व्यवस्थापनमा स्वेच्छाचारिता बढ्छ । यसले ऋण लगानीकर्ता तथा सर्वसाधारण सेयर लगानीकर्ताको लगानीमा जोखिम बढाउँछ । आयोजना व्यवस्थापनका क्रममा विभिन्न निकायबाट प्राप्त गर्नुपर्ने अनुमति, सहमति, स्वीकृति आदिका लागि लामो एवम् झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्छ । त्यस्ता कार्यमा अन्तरनिकाय समन्वय अत्यन्त कमजोर छ । यसले आयोजना निर्धरित समयमा सपन्न नहुने जोखिम बढ्छ । नीतिगत अस्थितरता तथा कानुनी अस्पष्टताले निर्णयकर्तामा स्वविवेकीय अधिकार प्रदान गर्छ । यसले स्वेच्छाचारिता र भ्रष्टाचारलाई प्रश्रय दिन्छ र आयोजनामा प्रत्यक्ष प्रभाव पर्छ ।

विद्युत् विकास विभागले अवधि तोकेर अनुमतिपत्र जारी गर्ने तर विद्युत् प्राधिकरणले त्यस्ता आयोजनाको विद्युत् खरिद सम्झौता गर्न वर्षौं लगाइदिने गरेको पाइन्छ । जलविद्युत् आयोजनामा जनताको लगानीलाई प्रोत्साहित गर्ने सरकारको नीति छ । तर, सर्वसाधारणलाई सेयर जारी गर्न धितोपत्र बोर्डको स्वीकृतिका लागि वर्षौं कुर्नुपर्ने अवस्था छ । जलविद्युत् आयोजनबाट उत्पादन हुने विद्युत् 'टेक अर पे' विधिबाट विद्युत् खरिद सम्झौता नहुने हो भने कुनै पनि प्रवर्द्धक वा बैंकले त्यस्ता आयोजनामा लगानी गर्ने सम्भावना हुँदैन । तर, ०८२/८३ को बजेटमा सरकारले एकाएक नदी प्रवाहमा आधारित आयोजनाको विद्युत् खरिद सम्झौता 'टेक एन्ड पे' विधिबाट गर्ने घोषणा गऱ्यो । यसले आयोजना प्रवर्द्धकमा नीतिगत असुरक्षा महसुस गरायो ।

विद्युत् ऐन, ०४९ ले जलविद्युत् आयोजनाको अनुमतिपत्रको अवधि पचास वर्षसम्मको हुने व्यवस्था गरेको छ । तर, विद्युत् विकास विभागले अनुमतिपत्रको अवधि ३५ वर्ष तोकेर उत्पादन अनुमतिपत्र दिने गरेको छ । यसमा आयोजना प्रवर्द्धक र सरकारको बुझाइमा एकरूपता पाइँदैन । विद्युत् उत्पादन अनुमतिपत्रको अवधि समाप्त भएपछि आयोजना सञ्चालन तथा व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा प्रस्ट खाका छैन । यसले लगानीको असुरक्षा र जोखिम बढाउँछ एवं भविष्यमा ठुलो व्यवस्थापकीय तथा वित्तीय समस्या सिर्जना हुन सक्छ ।

यसलाई नीतिगत विरोधाभासका रूपमा लिन सकिन्छ । नीतिगत विरोधाभास र प्राशसनिक जटिलताको अवस्था कायम रहनु लगानी वतावरणका लागि प्रमुख चुनौती र सरकारको लक्ष्यप्राप्तिको प्रमुख अवरोध हो । यसले एकातिर आयोजनाको वित्तीय सम्भाव्यतालाई कमजोर बनाउँछ भने अर्कातिर लगानी जोखिम बढाएर लगानीकर्तालाई हतोत्साहित तुल्याउँछ ।

विद्युत्को बजार विशिष्टीकृत प्रकृतिको हुन्छ । आयोजना निर्माणपूर्व नै 'अफ टेकर' र आयोजना प्रवर्द्धकबिच विद्युत् खरिद सम्झौता गरिन्छ । जल प्रवाहको अवस्थाको विश्लेषण र आयोजनाको प्रकृतिका आधारमा उत्पादन हुने विद्युत् र सोको बिक्रीबाट प्राप्त हुने आयको पूर्वानुमान गर्न सहज हुन्छ । यसले बजार जोखिमलाई धेरै हदसम्म घटाउँछ । नेपालमा उत्पादित विद्युत्को एक मात्र खरिदकर्ता सरकारी स्वामित्वको विद्युत् प्राधिकरण भएकाले जलविद्युत् आयोजनामा लगानीसम्बन्धी निर्णय गर्दा बजार जोखिमलाई खासै ध्यान दिइँदैन ।

मुलुकको विद्युत्को माग र अपूर्तिमा मौसमी प्रभाव अत्यन्तै बढी देखिन्छ । हिउँदयाममा आन्तरिक उत्पादन भएको विद्युत् मागअनुसार अपर्याप्त भई भारतबाट आयात गर्नुपर्ने अवस्था छ । तर, वर्षायाममा मागभन्दा बढी विद्युत् उत्पादन भई खेर जाने अवस्था छ । भविष्यमा विद्युत् उत्पादनको तुलनामा खपत वृद्धि हुन नसकेमा 'अफ टेकर'को वित्तीय क्षमतालाई प्रभाव पार्छ र बजार जोखिम बढ्छ । यसलाई मुलुकको समग्र अर्थतन्त्रका लागि ठुलो जोखिमका रूपमा लिनुपर्छ ।

जलविद्युत् क्षेत्रमा हुने लगानीका सन्दर्भमा आर्थिक तथा वित्तीय जोखिम निकै महत्वपूर्ण मानिन्छ । आयोजना निर्माण अवधि लामो हुने तथा विभिन्न अनिश्चितताबिच निर्माणकार्य अघि बढाउनुपर्ने भएकाले लागत वृद्धिको जोखिम उच्च हुन्छ । लक्षित निर्माण अवधिमा बढोत्तरी भएमा निर्माण लागत पनि स्वाभाविक रूपले बढ्छ । उच्च मुद्रास्फीति, ब्याजदरको उतारचढाव एवं विदेशी मुद्रा विनिमय दरको परिवर्तनले पनि आयोजनाको लागत बढाउँछ । नेपालको वित्तीय बजार अस्थिर प्रकृतिको भएको एवं विदेशी मुद्राको तुलनामा नेपाली मुद्रा क्रमशः कमजोर हुँदै गएको सन्दर्भमा पनि वित्तीय जोखिम उच्च रहन्छ ।

नेपालको पुँजी बजार अझै परिपक्व भइनसकेको हुँदा बजारमा दीर्घकालीन वित्तीय स्रोतको अभाव देखिन्छ । सीमित दीर्घकालीन पुँजी पनि यसतर्फ खासै परिचालन हुन सकेको छैन । पुँजी बजारमा पर्याप्त वित्तीय उपकरण विकास भइनसकेका कारण आयोजना निर्माणका लागि लगानी जुटाउन परम्परागत रूपमा बैंकहरूको ऋणमै निर्भर हुनुपर्ने अवस्था छ । बैंकिङ प्रणालीमा परियोजना मूल्यांकनका आधारमा परियोजना कर्जा दिने परिपाटी विकास हुन सकेको छैन ।

जलविद्युत् आयोजना जटिल भौगोलिक संरचनामा निर्माण गरिने भएकाले निर्माण जोखिम पनि उच्च हुन्छ । आयोजनाको डिजाइन कमजोर भएमा निर्माणको गुणस्तर र निर्माण लागतमा प्रभाव पर्छ । निर्माणपूर्व पर्याप्त अध्ययन तथा अन्वेषण नभएमा वा त्यस्तो अध्ययन तथा अन्वेषणमा त्रुटि भएमा निर्माण चरणमा विभिन्न भौगर्भिक आश्चर्य आउन सक्छन् । यसले आयोजना निर्माणको गतिलाई अवरूद्ध गर्न तथा लागत बढाउन सक्छ । जटिल भौगोलिक अवस्थिति र कमजोर सडक संरचनाका कारण आयोजनामा जडान गरिने उपकरण आपूर्तिमा समस्या पर्न सक्छ । प्राकृतिक विपत्तिलगायत काबुबाहिरका परिस्थितिका कारण आपूर्ति सञ्जालमा असर पर्न गई निर्माण सामग्रीको अभाव हुने र निर्माणकार्य प्रभावित हुने जोखिम रहन्छ । आयोजना निर्माणका क्रममा आयोजना प्रवर्द्धक, निर्माण व्यावसायी, आपूर्तिकर्ता तथा परामर्शदाताबिच समन्वय हुन नसकेमा आयोजना निर्माण अवरूद्ध हुन सक्छ ।

अन्तरनिहित जोखिम न्यूनीकरण गरी लगानीको वातावरण बनाउन नियमन प्रणालीको महत्वपूर्ण भूमिका हुन्छ । नियमन प्रणाली निष्प्रभावी भएमा आयोजना व्यवस्थापनमा अनुपालना, पारदर्शिता र संस्थागत सुशासनको पक्ष कमजोर बन्न जान्छ । यसले आयोजना व्यवस्थापन तथा अफ टेकरमा स्वेच्छाचारिताले प्रोत्साहन पाउँछ । प्रणालीभित्रका अन्तरसम्बन्धित संरचनाबिचको समन्वय कमजोर हुन्छ । कतिपय अवस्थामा आयोजना प्रवर्द्धकसमेत कमजोर नियमनको सिकार बन्न सक्छन् ।

पछिल्ला वर्षमा जलवायु परिवर्तनको प्रभाव जलविद्युत् आयोजनामा बढ्दै गएको छ । वर्षा प्रणालीमा हुने अनियमितताले अस्वाभाविक बाढी तथा पहिरोको सम्भावना बढाएको छ । हिमनदी पग्लिने समस्याले जल प्रवाहमा असर पार्छ । हिमताल विष्फोट भएमा तल्लो तटीय क्षेत्रका पूर्वाधार संरचनालाई असुरक्षित बनाउँछ । उल्लिखित परिस्थितले जलविद्युत् आयोजनाका संरचनामा क्षति पुग्ने तथा विद्युत् उत्पादनमा अवरोध हुने जोखिम बढ्छ । आयोजना व्यवस्थापनले स्थानीय समुदायप्रतिको जिम्मेवारी र दायित्व निर्वाह गर्नपर्ने नैतिक तथा वैधानिक बाध्यता रहेका भए पनि स्थानीय समुदायको अस्वाभाविक माग र अवरोधले आयोजनामा पटकपटक अवरोध आउने गरेको पाइन्छ ।

जलविद्युत् क्षेत्रको लगानीका बहुपक्षीय जोखिमलाई कुनै एउटै विधि वा संयन्त्रबाट मात्र व्यवस्थापन तथा न्यूनीकरण गर्न सम्भव हुँदैन । आयोजना प्रवर्द्धक तथा ऋण लगानीकर्ताले गर्ने जोखिम न्यूनीकरणको प्रयास यस क्षेत्रको समग्र जोखिम व्यवस्थापनका लागि पर्याप्त हुँदैन । यसमा सरकारको नै प्रमुख भूमिका र जिम्मेवारी रहन्छ । सरकाले जलविद्युत् विकासको लक्ष्य मात्र निर्धारण गर्ने होइन । लक्ष्य प्राप्तिमा देखिएका अवरोधको पहिचान गर्दै लगानीको उपयुक्त वातावरण विकास गर्ने प्रमुख जिम्मेवारी पनि सरकारकै हो । नीतिगत सुधार तथा नीतिगत निरन्तरताको सुनिश्चतता, प्रशासनिक सरलीकरण तथा अन्तरनिकाय समन्वयको विकास, पुँजी बजारको विकास तथा प्रवर्द्धन, विद्युत् खपत तथा अन्तरदेशीय व्यापारको विश्वसनीय र कार्यान्वयनयोग्य कार्ययोजना, आयोजनाको प्रकृतिका आधारमा उपयुक्त वित्तीय तथा निर्माण ढाँचाको निर्माण एवं सुदृढ र समक्ष नियामकीय व्यवस्थाका माध्यमबाट लगानीको अनुकूल वातावरण बनाउने हो भने सरकारको लक्ष्य पूरा गर्न मुलुकको आन्तरिक पुँजी पर्याप्त हुने र नेपालको निजी क्षेत्र सक्षम हुनेमा विश्वस्त हुन सकिन्छ । *- नयाँ पत्रिका*

# दैलेख–सुर्खेत यात्राः अविस्मरणीय अनुभवको तीन दिन


• वंशीकुमार शर्मा

२०८२ साल चैत २८ गते बिहान दाङको तुलसीपुरमा मौसम असाध्यै रमाइलो थियो। हल्का घाम, न्यानो हावा र मनभित्रको उत्साहले हाम्रो यात्राको सुरूवातलाई विशेष बनाइरहेको थियो। नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्यसमिति दाङ र जुनियर रेडक्रसका शिक्षक नायकहरूसहित हामी दैलेखतर्फ प्रस्थान गरेका थियौँ। हल्का घाम, न्यानो हावा र मनमा उत्साह–सबै कुरा हाम्रो यात्राको सुरूवातलाई विशेष बनाइरहेका थिए । नेपाल रेडक्रस सोसाइटि जिल्ला कार्यसमिती दाङका र नेपाल जुनिएर रेडक्रस सोसाइटिका शिक्षक नायकहरु सहित हामी दैलख तर्फ जाँदै थियौँ, र हाम्रो उद्देश्य थियो–दैलेख र सुर्खेतका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलहरूको अवलोकन गर्नुका साथै त्यहाँका रेडक्रसकर्मीहरूसँग भेटघाट गर्नु।

दाङमै बस्दा पनि नजिकको तपोभूमि दैलेख पुग्न नपाएको अनुभूति मनमा थियो। त्यसैले आफ्नै देशको सुगन्ध खोज्ने उत्साहले यात्रा सुरू हुनुअघि नै मन प्रफुल्ल भइसकेको थियो। तुलसीपुरबाट बिहान ७ बजे यात्रा आरम्भ गरौ दाङको पश्चिम क्षेत्रको समथल भूभाग वजारउन्मुख हापुरे बजार हुन्दै १० बजेतीर दाङको सिमाना कटाएर गाडी सल्यानको सिमानामा आइपुग्छ। किन किन म भित्र आत्मियताको भाव झल्किन्छ। कारण, सल्यान मेरो गृह जिल्ला हो। जहाँ मेरो पुर्खा जन्मे हुर्के र यहाँसम्म आइपुगेँ।

सल्यानको कालीमाटी प्रवेश गर्दा नै वातावरणले रोमाञ्चित बनायो।

गंगामाला मन्दिर पुग्दा ढुङ्गाका सिँढी उक्लिँदै, भित्तामा कोरिएका चित्र हेर्दै र हावामा फर्फराइरहेका तोरणहरूबीच फोटो खिच्दै अघि बढ्यौँ। मन्दिरमा दर्शनपश्चात् साथीहरूले मादल बजाउँदै नेपाली भजनमा नाचगान गरे। शिक्षक नायक कृष्ण सरको गायन, वादन र नृत्यकला यात्राभरि मनोरञ्जनको प्रमुख स्रोत बन्यो।

पाहाडी क्षेत्र हुँदै अघि बढ्दा बस्तीहरूको सरलता, संस्कृतिको झल्को दिने सजावट र जीवनशैलीले मन छोयो। सुर्खेतको भोटेचौर पुग्दा राउटे समुदायसँग भेट भयो। उनीहरूको जीवनशैली र सानो सहयोग माग्ने शैलीले मन छोयो।, उनीहरूको आग्रह, उनीहरूको जीवन–सबैमा एकैचोटि कठोर यथार्थ र कोमल वेदना मिसिएको थियो। त्यो क्षणले मनमा गहिरो छाप छोड्यो।

भोकले सताएपछि टोली प्रमुख भीम मरासिनी र कार्यालय प्रमुख विश्राम अधिकारीले खानाको व्यवस्था मिलाए। ३७ जनाको टोलीलाई दुई-तीन समूहमा विभाजन गरेर खाना खाइयो। त्यसपछि बजार अवलोकन गर्दै वोटेचौर बजार हेरौ । चारैतिर सडक सञ्जाल जोडिएको तीव्रगतिमा बजारिकरण भैईरहेको रहेछ । म १० वर्ष पहिले सल्यानको कुपेण्डे दहको दर्शन गरि त्यहि बाटो आएको थिए त्यसवेला सामान्य बजार अहिले बिशाल भैइसकेको रहेछ । भेरीनदिलाई नियाल्दै सुर्खेत बिरेन्द्रनगर ३ वजेतिर पुगियो । हामी सवैको सल्लाह अनुसार सरासर दैलेख जाने फर्कने वेला सुर्खेत बस्ने निधो भयो ।

नदीझैं सलल र प्लेन जस्तै नन स्टप गतिले गाडी अनेकौं घुम्ती र मोडहरु पार गर्दै स्वाभाविक गतिमा कुदिरहेको थियो। पर परसम्म देखिने पहाडहरूले आकाशसँग अंकमाल गरिरहेझैं लाग्थ्यो। झपक्क फुलेका गुरास, थरीथरीका रंगीचंगी फुलहरूले इन्द्रेणीको सातै रङले जस्तै गरी धर्तीनै चुमे जस्तो भयो। गाडी पहाडको माथि माथि पुग्दै जाँदा वनका दायाँबायाँ राताम्य गुराँसका फूल देखिन थाल्छन्। हरिया रूखहरूमा राता फूलहरु फूलेर कति सुहाएको! प्यासी भँवरा आफ्नो सुस्त सुस्त भुँ...भुँ आवाज निकाल्दै एक फूलबाट अर्को फूलमा आफ्नो प्यार बाँढेर उड्दै हुन्छन्।

फूलहरु पनि त्यस प्यारमा डुबेर रोमाञ्चले पुलकित हुँदै हुन्छन्। चिसो पहाडी हावामा चङ्गाझैँ आकाशीदैँ गएको मन तिनै फूलका थुंगाहरूमा लठारिएर बस्यो। मलाई कताकता स्वर्गकै आनन्द पाए झैँ महशुस भयो। यस्तै रोमाञ्चकता बीच यात्राको दुरी छोटिँदै गर्दा हामी गुरासेडाडा पुग्यौ ं। गृष्म ऋतुको तातो हावाले बाफिएका हामी गुराँसे डाँडाले चिसोपना ल्याइदियो । गुरासे डाडाबाट हिमाल पाहाड तराइ सवै आखाले भ्याए सम्मका दृष्य हेरौ । गुरासेडाडा आफैमा अग्लो चुचुरो त्यसैमा भ्यूडार हामी सवैले भ्यूटारबाट आखा नझिम्काएर चारैतीका दृष्य नियाल्दै मनोरञ्जनकालागी राखिएका आधुनिक डोरी पिङ खेल्यौ । अहिलेको समय सामाजिक सञ्जालको जमाना कसैले टिक टिक बनाए कोही फेसवुकमा फोटा राख्न ब्यस्त भए । टोली प्रमुखले तलको चिया नास्ताको ब्यबस्था भएको जानकारी गराउनु भयो । तल चिया सेलरोटी खाऔ । चिसोपानि भएर होकी ? भोक लागेर साह्रै मिठा सेलरोटी रहेछन् ।

प्रकृतिको **रमणीय** दृश्यसँग लुकामारी खेल्दै हाम्रो यात्रा अघि बढ्दै हुन्छ। बसभित्र यात्रुहरु सब आ-आफ्नै धुनमा हुन्छन्। म भने बस भन्दा बाहिर प्राकृतिक दृश्यहरूसँग लुकामारी खेल्दै, हाई, हेलो को सम्बोधनसहित मित्रताको साइनो गाँस्दै बसिरहेको हुन्छु।

म आफ्नै संसारमा एक्लएक्लै रम्द हुन्छु। जब जब बसले आफ्नो गन्तव्य छोट्याउँदै जान्थ्यो, तबत प्रकृतिले पनि आफ्नो नौलो नौलो प्रस्तुती देखाउँदै जान्थी। उत्तर तिरका ती राष्ट्रका सच्चा पहरेदारे हिमशृङखलाहरूको दृश्यले मलाई झनै आकर्षित गर्दछ। म एकटकले बसको शिशाबाट हेरिरहन्छु।

देलेख सदरमुकाम पुगेपछि बिहान देखिको भोक र रफ्तारलाई विश्राम दियौं। प्रकाश श्रीबन्द, ,भिम , विश्रामहरूले बस्ने ब्यबस्थाको चाचोपाजो मिलाएका रहेछन् । हाम्रो यात्रामा महिलाहरु पनि हुनुहुन्थ्यो सवैलाई सुबिधाहुने गरि तीनवटा होटलमा ब्यबस्था मिलाएरका रहेछन । त्यस क्षेत्रकै सवैभन्दा ठुलो होटल पार्किङ रहेछ । त्यसमा हरिहर पौडायल र मदन धिताल एउटा कोठामा । म र शिक्ष्क नायक नारायण शर्मा गौतम अर्को कोठामा वसेका थिऔ । जिल्ला सदस्य सिमा न्यौपाने , सुस्मा भण्डारी ,पुस्पा यादव ,र शिक्षक नायकहर सरला पौडयाल गौतम , शिवा थापा , गोमा बुढाथोकी , आनन्दा के सी , जिल्ला सदस्य प्रमोद पौडयाल , थानेश्वर गेरै , बागर उपशाखाका अध्यक्ष गीरिराज न्यौपाने अर्को होटलमा भिम मसारसिनी बिश्राम अधिकारी , रक्तसंचार सेकाका कार्यलय प्रमुख प्रमुख दिलिप न्यौपान, रक्तसंचार सेवाका वरिष्ठ प्राबिधिक ठाकुर पौडयाल , शिक्षक नायकहरु अमृत घर्ति मगर , गोपाल गौतम , बिष्णु न्यौपाने , बुद्धिराम शर्मा , दामोदर गौतम , श्रीधर अधिकारी , तुल्सीराम पोखेल , निम बहादुर न्यौपाने बिष्णु बहादुर थापा, मधु नेपाली , सुभाष वली , राम बहादुर केसी मधुसुदन गौतम हुम बहादुर राना ,बसे । जो जुन होटलमा वस्यो खाना खाने ब्यबस्था पनि त्यहि मिलाएका रहेछन् । कोठामा ब्याग थनकाएर एक छिन देलेख बजार हेर्ने म नारायण दाई निस्कौ । चिसो ठाउमा मिठो चियाको सुर्कि मार्दे चिया पसलमा भेटिएका साथीहरूसंग त्याहाको वस्तुस्थितीको बारेमा बुझौ मैले मोवाइल चार्ज किने दुर्गम क्षेत्र भए पनि खासै महङगो रहेन छ । साँझ स्वादिलो खाना खाएर विश्राम गरियो। होटलको सवै भन्दा मथिल्लो तलामा हाम्रो कोठा थियो । भोली पल्ट बिहान पल्लो पाहाडको डाँडाबाट बहँदै गरेको चिसो हावामासूर्यको तातो किरणले अनुपम ऊर्जाको सञ्चार गरिरहेझैं लाग्यो। त्यहाँबाट देखिने दुल्लुबजार , खोला, अनगिन्ती पहाडी श्रृंखलाको अवलोकन गर्दै यात्राका निरन्तर क्रमलाई फेरि सञ्चालन गर्यौं। भोलिपल्ट बिहान शिरस्थान दर्शनका लागि निस्कियौँ। दैलेखको धार्मिक महत्त्व अत्यन्तै गहिरो रहेछ। शिरस्थान, नाभीस्थान र पादुकास्थानमा निरन्तर बलिरहने ज्वाला अद्भुत लाग्यो। वैज्ञानिकहरूले यहाँ पेट्रोलियम ग्यासको भण्डार रहेको बताएका छन् भने धार्मिक मान्यताअनुसार यो शिवज्वालाको प्रतीक हो।दैलेखको ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदाले यो जिल्ला वास्तवमै तपोभूमि भएको पुष्टि गर्छ। यहाँ रहेका पञ्चकोशी क्षेत्र, गुफा, झरना, नदी, खनिज पदार्थ र सांस्कृतिक सम्पदाहरु अत्यन्तै महत्वपूर्ण छन्।

भैरवी गाउँपालिका-१ जलजलेमा प्राकृतिक ग्यासको सम्भावित भण्डार रहेको क्षेत्र अवलोकन गर्यौं। यदि यसको व्यावसायिक उत्खनन सफल भए, देशको आर्थिक विकासमा ठूलो योगदान पुग्ने देखिन्छ। त्यसपछि विलासपुर भैरव मन्दिरमा पूजा अर्चना गरियो। स्थानीयको विश्वासअनुसार यहाँ श्रद्धापूर्वक पूजा गर्दा मनोकामना पूरा हुन्छ। रेडक्रस दैलेखले आयोजना गरेको स्वागत कार्यक्रममा सहभागी भई शुभकामना आदानप्रदान गरियो।







**दैलेख जिल्लाको परिचय**

नेपालको मानचित्रमा दैलेख जिल्ला अक्षांश २८ ३५' देखि २९०८' उत्तर र देशान्तर ८१ङ्क२५' देखि ८१ङ्क५३' पूर्वसम्म फैलिएको छ। समुद्री सतहदेखि यसको उचाइ न्यूनतम ५४४ मिटरदेखि अधिकतम ४,१६८ मिटरसम्म पुगेको छ। कुल क्षेत्रफल १,५०५ वर्ग किलोमिटर (१,५०,०५१ हेक्टर) रहेको यस जिल्लामा करिब ८० प्रतिशत पहाडी क्षेत्र र २० प्रतिशत उच्च पहाडी भू-भाग समेटिएको छ। भौगोलिक विविधतासँगै दैलेखको हावापानी पनि बहुआयामिक छ। यहाँ साँघुरा उपत्यकादेखि भिरालो पहाडी श्रृंखलासम्म उष्ण-उपोष्ण, समशीतोष्ण र शीतोष्ण जलवायु पाइन्छ, जसमा समशीतोष्ण जलवायुको प्रधानता देखिन्छ। जाडोयाममा उच्च भू-भागमा हिमपात हुने र चिसो अत्यधिक हुने गर्दछ भने गर्मीयाममा मध्यम तापक्रम अनुभव हुन्छ।

प्रशासनिक हिसाबले दैलेख पहिले मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत भेरी अञ्चलमा पर्थ्यो भने हाल कर्णाली प्रदेशअन्तर्गतको एक महत्वपूर्ण पहाडी जिल्ला हो। यसको नामकरणबारे विभिन्न किंवदन्तीहरु प्रचलित छन्। एक मतअनुसार महर्षि दधिचिको तपस्यास्थल भएकाले 'दधिचि' शब्द अपभ्रंश हुँदै 'दैलेख' बनेको हो। अर्को जनश्रुतिअनुसार यो क्षेत्र देवताहरूको बासस्थान भएकाले 'देवलोक'बाट 'दैलेख' भएको मानिन्छ।

ऐतिहासिक रूपमा दैलेख प्राचीनकालमा दुल्लु र बेलासपुर दुई राज्यमा विभाजित थियो। सन् १७८९ मा बहादुर शाहले यी राज्यहरूलाई एकीकरण गरेका थिए। जिल्लाको कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर (सुर्खेत)बाट करिब ६८ किलोमिटर र संघीय राजधानी काठमाडौंबाट करिब ६५० किलोमिटर दूरीमा अवस्थित छ। यसको पूर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्ला पर्दछन्।

आर्थिक रूपमा कमजोर देखिए पनि प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले दैलेख अत्यन्त समृद्ध मानिन्छ।

**धार्मिक तथा ऐतिहासिक सम्पदा**

दैलेख धार्मिक आस्थाको केन्द्रका रूपमा पनि परिचित छ। यहाँका प्रमुख तीर्थस्थलहरु श्रीस्थान, नाभीस्थान, पादुकास्थान, धुलेश्वर र तल्लोडेश्वर कोटिला हुन्, जसलाई सामूहिक रूपमा 'पञ्चकोशी' भनिन्छ। विशेषतः श्रीस्थान, नाभीस्थान र पादुकास्थानमा परापूर्वकालदेखि प्राकृतिक ज्वाला बलिरहेकाले यी स्थलहरु अत्यन्त रहस्यमय र पवित्र मानिन्छन्।

अन्य प्रमुख मन्दिरहरूमा नारायण, बेलासपुर भैरव, बज्रभैरव, गणेश, चामुण्डा, कालिका, भवानी, डुगेश्वर, विन्द्रासैनी, छडदेवी, मालिकादेवी, बुकिमाई र भैरवी आदि पर्दछन्।

ऐतिहासिक तथा पुरातात्विक दृष्टिले पनि दैलेख धनी छ। महाबुगाथ, कोतगढी, पञ्चदेवल, कीर्तिखम्ब (नेपाली भाषाको प्राचीन शिलालेख), दुल्लु दरबार क्षेत्र, धाउखानी गुफा, लालीकाँडा गुफा, धौलापडा गुफा, सातखम्ब, भैरवकुण्ड, द्वारी झरना, घोडाताल, बिसल्ला मैदान ताल लगायतका स्थलहरु पर्यटकीय दृष्टिले महत्वपूर्ण छन्।

प्राकृतिक स्रोत र सम्भावना

दैलेखमा विविध भू-बनावटका कारण वनस्पति, जडीबुटी, पशुपन्छी, नदी-नाला, झरना, तालतलैया र गुफाहरु प्रशस्त पाइन्छन्। खनिज स्रोतका दृष्टिले पनि यो जिल्ला सम्भावनायुक्त छ। पादुकास्थान, श्रीस्थान र नाभीस्थान क्षेत्रमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको भण्डार रहेको अनुमान गरिएको छ।

भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास भण्डारण रहेको तथ्य चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीको अध्ययनले देखाएको छ। यद्यपि यसको व्यावसायिक उत्खननका लागि थप परीक्षण आवश्यक छ।यस जिल्लामा कर्णाली नदी प्रमुख जलस्रोत हो, जसले पश्चिमी सीमाना निर्धारण गर्छ। छामगाड, रामगाड, लोहरे, ताराघाट, तामेद्वारी, पादुका लगायतका खोलाहरु कर्णालीमा मिसिन्छन्। यी जलस्रोतहरु सिँचाइ तथा जलविद्युत् विकासका दृष्टिले महत्वपूर्ण छन्।

**पञ्चकोशी क्षेत्र र धार्मिक महत्व**

पौराणिक कथाअनुसार भगवान् शिवको अग्निज्वालाबाट उत्पन्न भएका तीन प्रमुख स्थल–श्रीस्थान, नाभीस्थान र

# एमसिसी परियोजना : धानखोला-लमही सडक स्तरोन्नति सुरु

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानअन्तर्गत पूर्व-पश्चिम राजमार्गको ४० किलोमिटर लामो धानखोला-लमही खण्ड स्तरोन्नति सुरू भएको छ । मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए)ले बुधबार दाङमा एक औपचारिक कार्यक्रम गर्दै निर्माण सुरू गरेको हो । एमसिए नेपालले गत पुसमा दुई करोड डलरमा शर्मा-कुमार संयुक्त उपक्रमसँग उक्त परियोजनाको ठेक्का सम्झौता गरेको थियो । ठेक्काको अवधि ४२ महिनाको छ । सम्झौता भएको चार महिनामा काम सुरू गरेको ठेकेदार कम्पनीले अबको ३८ महिनामा काम सम्पन्न गर्नुपर्नेछ । आयोजनाले सडकको दुवैतर्फ सात मिटर चौडाइ क्यारिजवे र साढे दुई मिटर चौडाइको सोल्जर निर्माण गर्नेछ । समग्रमा सडकको चौडाई १२ मिटर हुनेछ । ४० किलो मिटर सडकलाई 'फुल डेप्थ रिक्लेमेसन र सुपरपेभ आस्फाल्ट' प्रविधि प्रयोग गरेर स्तरोन्नति तथा मर्मत गरिनेछ । नेपालमा पहिलोपटक यी दुई प्रविधि प्रयोग गरेर सडक स्तरोन्नति गर्न लागिएको हो । फुल डेप्थ रिक्लेमेसन पुरानो र क्षतिग्रस्त सडक संरचनालाई पुनः प्रयोग गर्ने प्रविधि हो । पुरानो सडक सतह र आधार तहलाई मिलाएर नयाँ बिटुमिन सामग्री थपेर सडक मर्मत गरिन्छ । सुपरपेभ प्रविधि समेत जोड्दा सडकलाई बातावरणमैत्री र दिगो बनाउन सहयोग गर्छ ।



कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सडकको गुणस्तर र टिकाउपना सुनिश्चित गर्ने एफडीआर तथा सुपरपेभ जस्ता अत्याधुनिक प्रविधि स्वागत योग्य भएको बताए ।

'यो राजमार्गमा हरेक दिन निर्भर रहेको हाम्रो प्रदेश र यहाँका जनताका लागि यो एउटा महत्वपूर्ण अग्रगामी कदम हो । यो सडक खण्डको स्तरोन्नतिले यात्रालाई थप सुरक्षित र भरपर्दो बनाउने मात्र नभई स्थानीय व्यवसायी, किसान तथा उद्यमीहरूका लागि नयाँ अवसर पनि सिर्जना गर्नेछ,' उनले भने ।

यस्तै, नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमले यो एउटा कोसेढुंगा भएको बतए । 'यो अमेरिका र नेपालबिचको साझेदारीमा महत्वपूर्ण कोसेढुंगा हो । एमसिसी नेपाल कम्प्याक्टमार्फत हामी ढुवानी लागत घटाउने, सुरक्षा वृद्धि गर्ने तथा समुदायहरूलाई बजार र अवसरहरूसँग जोड्ने उच्च गुणस्तरका दिगो पूर्वाधारमा लगानी गर्दै छौँ,' उनले भने, 'यस आयोजनाले नेपालको भविष्यप्रति हाम्रो विश्वास र दिगो आर्थिक वृद्धिका लागि हाम्रो संयुक्त निष्ठालाई प्रतिविम्बित गर्छ ।'

यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले परियोजना समयमै सम्पन्न हुनुपर्ने बताए । यस्तै, एमसिसीका राष्ट्रिय आवासीय उपनिर्देशक सञ्जय पौड्यालले यसले अत्याधुनिक प्रविधि प्रयोग गरेर सबल प्रभावकारी पूर्वाधार निर्माणमा नेपाललाई सघाउने एमसिसीको प्रतिबद्धतालाई प्रतिविम्बित गरेको बताए ।

यस्तै, एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले गुणस्तरसहित परियोजनाको निर्माण सम्पन्न गर्ने बताए । 'सडक मर्मत आयोजना कार्यान्वयनका सन्दर्भमा यो महत्वपूर्ण कदम हो । एमसिए-नेपाल यो आयोजना प्रभावकारी रूपमा, पारदर्शितापूर्वक तथा उच्चतम गुणस्तरसहित सम्पन्न गर्न प्रतिबद्ध छ,' उनले बताए । एमसिसीको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर लगानीमा तीन सय १५ किमिका लामो ४०० केभीका चार प्रसारणलाइन, ४०० केभीको तीन सबस्टेसन, नारायणगढ-मुग्लिन सडक मर्मतसहित यो सडक पनि स्तरोन्नति गरिंदै छ । सडक मर्मत आयोजना पनि एमसिसी नेपाल कम्प्याक्टको एक अंश हो ।

## दैलेख-सुर्खेत यात्रा...

पादुकास्थान—दैलेखको धार्मिक पहिचान हुन्। यहाँ निरन्तर बलिरहने ज्वालालाई 'वैश्वानर ज्वाला' भनिन्छ, जसलाई वैज्ञानिक रूपमा पेट्रोलियम ग्यासको उत्सर्जन मानिए पनि धार्मिक रूपमा दैवी शक्ति मानिन्छ।वैश्वानर पुराणअनुसार यो क्षेत्र अत्यन्त पुण्यभूमि हो, जहाँ पूजा, जप, तप, श्राद्ध र दान गर्दा विशेष फल प्राप्त हुने विश्वास छ। पञ्चकोशी तीर्थयात्रा गर्दा धुलेश्वरबाट यात्रा सुरू गरी पुनः त्यहीँ फर्केर बास बस्ने परम्परा रहेको छ।

**यात्रा अनुभव र अवलोकन**

श्रीस्थानमा पानीमाथि बलिरहेको ज्वालाको दृश्य अद्भुत लाग्छ। त्यसपछि भैरवी गाउँपालिका-१ जलजलेस्थित ग्यास उत्खनन क्षेत्रको अवलोकनले दैलेखको आर्थिक सम्भावनालाई झल्काउँछ। बेलासपुर भैरव मन्दिरमा दर्शन गर्दा स्थानीय धार्मिक परम्परा र आस्थाको गहिरो अनुभूति हुन्छ। प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, ऐतिहासिक धरोहर र खनिज सम्भावनाले भरिपूर्ण दैलेख नेपालकै एक महत्वपूर्ण जिल्ला हो। यद्यपि पूर्वाधार विकास, संरक्षण र व्यवस्थापनमा ध्यान दिन सकिएमा यो जिल्ला प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुन सक्ने प्रबल सम्भावना बोकेको छ।

स्थानीय समुदायको आतिथ्य, विशेषतः नेपाल रेडक्रस सोसाइटी दैलेखद्वारा गरिएको स्वागत, उल्लेखनीय रह्यो। त्यसपछि दैलेख बजार, गढी र ऐतिहासिक संरचनाहरु अवलोकन गर्दै हाम्रो यात्रा सुर्खेततर्फ अघि बढ्छ। बस एक तमासले गुड्दै पहाडका उकाली ओराली चढ्न थाल्छ। मोडहरु पार गर्दै हुन्छ, म बसको शिसाबाट पाहाडका हरियाली दृश्यावलोकन गर्न व्यस्त हुन्छु।दक्षिणको क्षितिजबाट आएको सूर्यको तेजिलो किरणले मलाई न्यानो स्पर्श दिन्छ। बसको घुम्तीहरु सँगै म पनि मेरा यी चञ्चल नजरहरु यताउता चारैतिर दौडाइरहन्छु। बसभित्र हामीहरु आ-आफ्नै ध्यानमा हुन्छन्। कोही गफमा व्यस्त त कोही निन्द्रादेवीसँग लुकामारी खेलिरहेका हुन्छन्।बसभित्र बज्ने गितसंगितले यो मन झनै रोमाञ्चित बन्न पुग्छ। पहाडको उकालीसँगै चिसो चिसो हावाले शिशाको चियाँबाट भित्र पसेर चिमोठ्न थाल्छ। यो चिमोठाईमा पनि कति आनन्द आउँछ। गुरासेडाँडा हुँदै बस गुड्दै हुन्छ।

अहो ! कस्तो डरलाग्दो भिर? यहाँबाट खस्यो भने त, अहँ, यस्तो सोच्नै हुन्न। म झ्याल खोलेर राम्ररी नियाल्छु। सडकका किनारमा कतै कतै सानासाना बिश्राम स्थल बनाइएका थिए। पहाडमा यात्रा गर्नुको मज्जै बेग्लै। हरिया डाँडाकाँडा बनैया चराचुरूङ्गीहरूको मिठो संगीतमय आवाजहरू। चिसो स्वच्छ हावा। जता हेरे पनि प्रकृतिका ति सुन्दर उपहारहरू। बनैया बोटवृक्षहरु नयाँ नयाँ बस्त्र आभुषण फेर्न सपिङ गर्न जाँदै आउँदै थिए।

मानव हुँदो हो त वर्ष दिनमा दर्जनौं वस्त्र फेरी हिँड्दो हो। तर यी त बनैया बोटवृक्ष थिए। तैपनि प्रकृतिले यिनीहरूलाई पटक्कै ठगेको भान हुँदैन। वर्षमा एक पटक भए पनि नयाँ बस्त्र पहिऱ्याइ दिन्छ। बोटवृक्षहरूमा जवानी चढेको आभाष हुन्छ। हावाको वेगसँगै बोटवृक्षहरु पनि एक अर्कासँग स्पर्श गर्न पुग्छन्, चुम्वन गर्न पुग्छन्। बसबाट म यी दृश्यहरु हेरिरहन्थे।

विभिन्न घुम्तीहरु सँगै दैलेख भूमीबाट सुर्खेत प्रवेश गरिसकेका हुन्छौँ। घडीमा पाँच बजीसकेको हुन्छ क्यारे। नेपाल रेडक्रस सुर्खेत शाखाले पनि स्वागत गऱ्यो।

कार्यक्रम सकिए पछि हामी कात्रे बिहार दर्शन गर्न गयौ । काँक्रेविहार वीरेन्द्रनगरको मंगलगढीचौकबाट तीन किलोमिटर दक्षिणतर्फ चारैतिर साल र सल्लाका रूखले घेरीएको ऐतिहासिकस्थल काँक्रेबिहार पुग्यौ । पुरातात्विक एवम् ऐतिहासिक महत्वको वस्तुहरु देख्न सकिन्छ । केहीछिन नाचगान गरेर साझ बिरेन्द्रनगरको होटल बास बस्ने ब्यबस्था साथीहरूले मिलाएका रहेछन त्यहि बसौ । भोली पल्ट बिहान देउतीबज्यै मन्दिरको दर्शन गर्न गयौ ।वीरेन्द्रनगर बजारमा नै देउतीबज्यै मन्दिर रहेको छ ।

देउतीबज्यैले 'मनको इच्छा पूरा गरिदिने' जनविश्वास रही आएकाको छ । जसले गर्दा मन्दिरमा पूजाका लागि आउने भक्तजनहरूको घुइँचो नै लाग्ने गरेको छ । पछिल्लो समय देउतीबज्यै विकास गुरूयोजना बनाएर व्यवस्थित बनाउन थालिएको छ । त्यसपछि सुर्खेतको सबैभन्दा प्रख्यात पर्यटकीय स्थल बुलबुले ताल । यो ताललाई लिएर थुप्रै चर्चित गीतहरु पनि बनेका छन्, जुन निकै चर्चामा पनि रहने गरेका छन् ।

'सुर्खेतमा बुलबुले ताल, लाइयो माया यो चिनो रूमाल', 'सुर्खेत बुलबुल ताल, माया मै सानु हुनाले छुट्यो मायाजाल' लगायतका थुप्रै गीत चर्चित छन् । बुलबुले हेर्न र घुम्नका साथै पिकनिक खानका लागि पनि उपयुक्त स्थान रहेछ । यसलाई पनि गुरूयोजना अनुसार विकास गर्ने तयारी थालिएको उपसभापती अमृता सापकोटाले जनाइन । सुर्खेत जिल्लामा धेरै धार्मिक पर्यटकीय स्थल हुन्दा हुन्दै पनि समयको अभावको कारण यात्रालाई छोटाउने निधो गर्दै शहिद पार्क हेर्न गयो । निरन्तर रूपाले महिलाले पगरेको अम्खोराबाट पानी आउने आकृष्ण मुर्ति बनाएको रहेछ सुन्दर भव्य पार्कमा एकछिन हामी अलमलीऔ । अन्तिम दिन भेरी नदी किनारको होमस्टेमा खाना खाएर हामी दाङ फर्कियौँ। बाटोभरि सल्यानका हरिया डाँडाकाँडा, गहुँका बाला र देवस्थलहरूले यात्रालाई अझै भावुक बनाइदिए।विभिन्न ओकाली ओराली, अनि घुम्तीहरु पार गर्दै बस सल्यानको सडकमा गुडिरहेको हुन्छ। सडकको छेउछाउमा गहुँको बाला झुल्दै गरेको दृश्य निकै रमाइलो र लोभलाग्दो हुन्छ। हामी यात्राको अन्त्यतिर आइसकेका हुन्छौ। कालीमाटी दाङको हापुरे हुँदै बस ५ वजे तुलसीपुराबजार आइपुग्छ ।,

तुलसीपुर आइपुग्दा तीन दिनको यात्रा जीवनको अविस्मरणीय पाना बनेर रह्यो। नेपालका धार्मिक तथा प्राकृतिक सम्पदाले पर्यटनको अपार सम्भावना बोकेको छ। उचित संरक्षण र विकास भएमा यस्ता क्षेत्रले देशको समृद्धिमा ठूलो टेवा पुऱ्याउने निश्चित छ। नेपालका विभिन्न तपोभूमि वर्णितस्थानमा ऋषिमुनीका तपस्याले प्राप्त गरेका ज्ञान विश्वमा विज्ञानको रूपमा परिवर्तन भई प्रयोगमा ल्याइएका छन् ।

यसले नेपालका धार्मिक पर्यटकीय स्थल र क्षेत्रको अन्तराष्ट्रिय प्रचार र सम्बन्ध जोड्ने प्रचुर सम्भावना देखिन्छ । नेपालका धार्मिक पर्यटकीय क्षेत्रमा आउने धार्मिक पर्यटकबाट नेपालका होटल, यातायात र स्थानीय हस्तकला क्षेत्रमा ठूलो योगदान पुऱ्याउने निश्चित छ ।

खेलकुद

# ओमानसँग नेपालको लज्जास्पद हार

ओमान क्रिकेट विश्वकप लिग २ का लागि काठमाडौं आउँदा नेपालविरूद्ध टोलीका कोही न कोही खेलाडीले उच्च प्रदर्शन गरिरहेका हुन्छन् । सन् २०२० मा काठमाडौं आएर ओमानले लिग २ को शृंखला 'क्लिन स्विप' गर्दा अकिब इल्याजले अविजित १ सय ९ रन बनाउनुका साथै ४ विकेट लिएका थिए ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा बुधबार नेपालविरूद्ध ओमानका कप्तान जतिन्दर सिंहले यो भूमिका लिएकै जस्तो भयो । उनको शतकमा ओमान वर्षाले प्रभावित खेलमा नेपाललाई डकवर्थ लुइस पद्धतिका आधारमा १ सय २ रनले हराउन सफल भयो । नेपालविरूद्ध ओमानले लिग २ को कीर्तिपुरमा भएको सबै खेल जितेको छ ।

जतिन्दरको इनिङ्स टेलिभिजनमा देखाइने हाइलाइट्स जस्तै थियो । नेपाली बलरलाई कुनै मौका नदिएका जतिन्दरले ९६ बल खेल्दा १५ चौका र ५ छक्का प्रहार गरे । जतिन्दरको १ सय ३० रनप्रेरित ओमानले टस जितेर ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा ८ विकेट गुमाई ३ सय ५ रन बनायो । जबाफमा नेपालले ३६.५ ओभरमा ७ विकेट गुमाई १ सय ५५ रन बनाउँदा वर्षाले खेल रोकिएको थियो, जतिखेर नेपाल डकवर्थ लुइस पद्धतिका आधारमा १ सय २ रनले पछाडि रह्यो ।

जतिन्दरको इनिङ्स टेलिभिजनमा देखाइने हाइलाइट्स जस्तै थियो । नेपाली



बलरलाई कुनै मौका नदिएका जतिन्दरले ९६ बल खेल्दा १५ चौका र ५ छक्का प्रहार गरे । उनले ९० रन बाउन्ड्रीबाटै बटुले । उनले ७३ बलमै शतक पार गरे । ओमानी ब्याटरकै एकदिवसीय अन्तर्राष्ट्रियमा यो उच्च स्कोर पनि हो । उनी ३५ औं ओभरमा आउट हुँदा ओमानको स्कोर १ सय ९२ रन थियो ।

पेभेलियन फर्किएपछि उनको हातले ओमानका भारतीय प्रशिक्षक सुलक्षण कुलकर्णीको खुट्टा छोएका थिए । 'आजको यो सफलतामा प्रशिक्षक कुलकर्णीको धेरै ठूलो हात छ, उनले टिमलाई राम्रो लयमा ल्याएका छन्, हामीले नेपाल आउनु अघि राम्रो तयारी गरेका थियौं, नामिबिया भ्रमणदेखि नै हाम्रो राम्रो भइरहेको थियो,' जतिन्दरले भने, 'हामी पहिला ब्याटिङ गर्ने एउटा योजनासाथ आएका थियौं, त्यसमा सफल भयौं र ३ सय माथिको स्कोर बनाउन सक्यौं ।'

जतिन्दर १ सय ३० रनमा हुँदा सोमपाल कामीले कठिन रिटर्न क्याच मिस गरेका थिए । त्यसको अर्को बलमा सोमपालले उनलाई बसिर अहमदबाट क्याचआउट गराए । एकदिवसीय अन्तर्राष्ट्रियमा यो जतिन्दरको पाँचौं शतक हो र व्यक्तिगत उच्च स्कोर पनि । सन् २०२२ मा उनले पपुवा न्युगिनीविरूद्ध लिग २ मै अविजित १ सय १८ रन बनाउनु यसअघि उनको उच्च स्कोर थियो । नेपालविरूद्ध उनको दोस्रो शतक हो । लिग २ को पछिल्लो सर्कलमा उनले २०२१ मा मस्कटको घरेलु मैदानमा नेपालविरूद्ध ६२ बलमा १ सय ७ रन बनाएका थिए । हमाद मिर्जाले ४७ बलमा ३० रन बनाए ।

सोमपालले नेपालबाट सबैभन्दा बढी ४ विकेट लिए । उनले ९ ओभरमा ५९ रन खर्चे । सन्दीप र दीपेन्द्रले २-२ विकेट लिए । सन्दीपले ओभरमा १० ओभरमा २४ र दीपेन्द्रले ९ ओभरमा ५६ रन खर्चे ।

यस शृंखलामा ओमानको यो पहिलो जित हो । नेपालले पहिलो खेलमा यूएईलाई ३७ रनले हराएको थियो । ओमान भने पहिलो खेलमा यूएईसँग २५ रनले पराजित भएको थियो । ओमान २६ खेलमा ३१ अंक जोडेर तेस्रो स्थान र नेपाल २२ खेलमा १४ अंक जोडेर सातौं स्थानमा छ । आठ राष्ट्रसम्मिलित लिग २ का शीर्ष चार सोझै विश्वकप छनोटमा पुग्ने प्रावधान छ । यस हारले नेपालको शीर्ष चारमा पर्ने सम्भावना झन् कठिन भएको छ ।

ओमानको इनिङ्स पारिलो घाममा भएको थियो भने नेपाली ब्याटिङ सुरू हुनु अघि नै बादलले आकाश ढाकेर ठूलो वर्षाको संकेत गरिरहेको थियो । प्रतिकूल मौसमको अवस्था हेरेर चाँडो २० ओभर फालेर नतिजा ल्याउने आशामा ओमानले दोस्रो ओभरदेखि स्पिन आक्रामक लगाएको थियो । देब्रेहाते स्पिनर सकिल अहमदले दोस्रो ओभरको पहिलो बलमै कुशल भुर्तेललाई १ रनमा एलबीडब्लु आउट गरे । अर्का ओपनर आसिफ शेखले २५ बलमा २ चौकासहित १९ रन बनाए ।

कप्तान रोहित पौडेल १० र बसिर १ रनमा आउट भए । भीम सार्की २८ रनमा आउट भए । भीमले ५६ बलमा ३ चौका प्रहार गरे । भीमले एकदिवसीय अन्तर्राष्ट्रियमा आफ्नो एक हजार रन पूरा गरेका छन् । आरिफ शेख १४ रनमा आउट भए । दीपेन्द्रले अर्को एउटा अर्धशतकीय इनिङ्स खेले । ३६ औं ओभरमा आउट हुनुपूर्व उनले ६२ बलमा ७ चौका र १ छक्का प्रहार गरे ।

खेल रोकिँदा गुलशन झा १७ बलमा २ चौकासहित १४ र सोमपाल ८ बलमा २ रन लिएर क्रिजमा थिए । ओमानबाट नदिमले ३ विकेट लिए । उनले १० ओभरमा ४२ रन खर्चे । सकिलले ८ ओभरमा १ मेडन राख्दै १६ रन खर्चेर २ तथा मोहम्मद इमरान र वासिम अलीले १-१ विकेट लिए ।

## कर्पोरेट

### ● गरिमाका ग्राहकले ओम हस्पिटल र कान्तिपुर डेन्टलमा छुट पाउने

गरिमा विकास बैंक लिमिटेडका ग्राहकले ओम हस्पिटल एन्ड रिसर्च सेन्टर र कान्तिपुर डेन्टल हस्पिटल (केडिसी) एन्ड रिसर्च सेन्टरमा आकर्षक छुट पाउने भएका छन् । ग्राहकलाई छुट दिन त्रिपक्षीय सम्झौतासमेत गरिएको छ । सम्झौताअनुसार, बैंकका ग्राहकले ओम हस्पिटलमा सिटी स्क्यान, एक्सरेलगायत स्वास्थ्य सेवा लिँदा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यस्तै, कान्तिपुर डेन्टलको बेड शुल्कमा १५ तथा अन्य स्वास्थ्य सेवामा १० प्रतिशतसम्म छुट दिइने भएको छ ।

कान्तिपुर डेन्टलले प्रदान गर्ने उक्त छुट काठमाडौंको वसुन्धारासहित सुन्दरबस्ती र सतुंगल, पोखरा, नारायणगढ-भरतपुर, बुटवलस्थित शाखाबाट पनि प्राप्त गर्न सक्ने बताइएको छ । छुट लिन ग्राहकले यस बैंकको मोबाइल बैकिङ वा डेबिट/क्रेडिट कार्डबाट भुक्तानी गर्नुपर्नेछ ।

### ● एनएमबि बैंकलाई 'एसटिपी अवार्ड २०२५'

एनएमबि बैंकले व्यावसायिक भुक्तानी तथा वित्तीय संस्था स्थानान्तरणमा उत्कृष्ट गुणस्तर र दक्षता प्रदर्शन गरेबापत कमर्ज बैंक एजी, जर्मनीबाट प्रतिष्ठित 'एसटिपी अवार्ड २०२५' प्राप्त गरेको छ । यो अवार्ड पूर्ण रूपमा स्वचालित र सरल ढंगले अन्तर्राष्ट्रिय भुक्तानी सेवा प्रदान गर्ने सीमित बैंकहरूमा मात्र प्रदान गरिन्छ । यसले एनएमबि बैंकको प्राविधिक दक्षता, कार्यगत अनुशासन तथा द्रुत र भरपर्दो सेवा प्रदान गर्ने प्रतिबद्धता झल्काएको बैंकले जनाएको छ । यस अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले भने, 'हाम्रा ग्राहकका लागि अन्तर्राष्ट्रिय बैंकिङलाई सरल र सहज बनाउने हाम्रो निरन्तर प्रयासको यो उपलब्धि हो । उच्च मापदण्ड कायम राख्दै हामी छिटो र सुरक्षित सेवा प्रदान गर्न प्रतिबद्ध छौँ ।' यस उपलब्धिले एनएमबि बैंकलाई व्यापार, लगानी तथा विश्वव्यापी वित्तीय पहुँचका लागि एक विश्वसनीय साझेदारका रूपमा थप सुदृढ बनाएको उनको भनाइ छ । एनएमबि बैंकले हाल देशभरि एक सय ९८ शाखा, एक सय ८४ एटिएम र नौ एक्सटेन्सन काउन्टरमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

### ● महालक्ष्मी विकास बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम सम्पन्न

महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ। बैंकले लुम्बिनी वर्ल्ड पिस फोरमसँगको सहकार्यमा '१० लाख वृक्षारोपण तथा संरक्षण अभियान'अन्तर्गत पृथ्वी दिवसको अवसर पारेर खप्तड छेडेदह गाउँपालिका- १, काँडामा दुई हजारवटा कागतीको बिरूवा रोप्न आर्थिक सहयोग गरेको छ।

त्यसैगरी, क्यान्सर रोगको प्रारम्भिक पहिचान, रोकथाम तथा उपचारबारे जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न तथा सोही कार्यक्रमबाट संकलित रकम कान्ति बाल अस्पतालको क्यान्सर वार्डमा हस्तान्तरण गर्न आयोजना गरिएको कार्यक्रमलाई बैंकले आर्थिक सहयोग गरेको छ।

बैंकले युद्ध संस्कृत माध्यमिक विद्यालय, नेपालगन्ज बाँकेमा अध्ययनरत विद्यार्थीलाई पठनपाठनमा सहयोग गर्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरेको जनाएको छ। युवाहरूमाझ जिम्मेवार वित्तीय सचेतना र व्यावहारिक आर्थिक ज्ञान प्रवर्द्धन गर्न, वित्तीय साक्षरता विस्तार गर्न, शैक्षिक तथा ज्ञानमा आधारित सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सातौँ नेपाल इकोनोमिक ओलम्पियाडलाई आर्थिक सहयोग गरेको छ। गत चैत २ देखि ८ गतेसम्म साताव्यापी रूपमा मनाइएको ग्लोबल मनी विकको अवसरमा वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरु पहिचान गरी बैंकका देशैभर रहेका शाखा तथा प्रादेशिक कार्यालयहरूमार्फत वित्तीय साक्षरता, ऱ्याली तथा सचेतनाका कार्यक्रमहरु सम्पन्न गरेको छ।

### ● सानिमा बैंक र फिनतारा सोलुसन्सबिचको सहकार्य

सानिमा बैंकका ग्राहकले फिनतारासँग आबद्ध मर्चेन्ट स्टोरहरूमा बैंकको क्रेडिट कार्ड प्रयोग गरी १२ महिनासम्म शून्य प्रतिशत ब्याजमा सामान खरिद गर्न पाउने भएको छ । बैंकले क्रेडिट कार्ड प्रयोगकर्ताका लागि सहज र आकर्षक सुविधा प्रदान गर्ने उद्देश्यले फिनतारा सोलुसन्ससँग सहकार्य गरेको छ । यो सुविधा इलेक्ट्रोनिक्स, मोबाइल सेट, ल्यापटप, फर्निचर, माउन्टेन बाइक, घरेलु उपकरण आदि खरिद गर्दा उपभोग गर्न सकिनेछ । यस पहलले उच्च मूल्यका सामग्रीलाई थप सहज र पहुँचयोग्य बनाउँदै, ग्राहकलाई विनाब्याज किस्ताबन्दीमार्फत भुक्तानी गर्ने सुविधा प्रदान गर्ने लक्ष्य राखेको छ ।

### ● यी हुन् सबैभन्दा धेरै नाफा कमाउने सात बैंक

आर्थिक वर्ष ०८२/८३ को तेस्रो त्रैमासमा सात वाणिज्य बैंकहरूले सबैभन्दा धेरै नाफा कमाएका छन्। सबैभन्दा धेरै नाफा कमाएर पहिलो नम्बरमा नबिल बैंक परेको छ। जसको नाफा ६ अर्ब ७६ करोड रहेको छ। दोस्रोमा परेको ग्लोबल आइएमईको चार अर्ब ४० करोड नाफा छ । त्यस्तै, कुमारी बैंकको चार अर्ब १७ करोड, एभरेस्टको तीन अर्ब ३२ करोड, नेपाल इन्भेस्टमेन्ट मेगाको तीन अर्ब १४ करोड, प्राइम बैंकको तीन अर्ब ८ करोड, नेपाल बैंकको दुई अर्ब सात करोड र राष्ट्रिय वाणिज्य बैंकको दुई अर्ब ७६ करोड नाफा रहेको छ। यो साउनदेखि चैतसम्मको नाफा हो।

### ● बुढानीलकण्ठ मोडेललाई प्रभु महालक्ष्मी लाइफको आर्थिक सहयोग

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले बुढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमीलाई विद्यालय सञ्चालन गर्न आठ लाख २१ हजार २५० रूपैयाँ सहयोग गरेको छ । विद्यालयममा पठनपाठन कार्यलाई सहज बनाउन र विद्यार्थीको अध्ययन वातावरण बनाउनका लागि अत्यावश्यक फर्निचरका सामग्री खरिद गर्न यो रकम उपलब्ध गराइएको कम्पनीले जनाएको छ ।

एक कार्यक्रमबिच प्रभु महालक्ष्मीका तर्फबाट सञ्चालक समितिका अध्यक्ष सम्झना अर्याललले एकेडेमीका प्रधानाध्यापक मोहनप्रसाद भट्टलाई सो रकमबराबरको चेक हस्तान्तरण गरेकी हुन् । चेक हस्तान्तरणपछि बोल्दै अर्याललले विशुद्ध सामाजिक कार्य गर्ने संस्थालाई कम्पनीले सहयोग गर्न पाउँदा खुसी व्यक्त गरिन् । कम्पनीले अतिआवश्यक क्षेत्र पहिचान गरी संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग र सामाजिक कार्य गर्दै आइरहेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने अर्यालको प्रतिबद्धता थियो । एकेडेमीका प्रधानाध्यापक भट्टले सामुदायिक विद्यालयका विद्यार्थीको पठनपाठनलाई सहज र स्तरीय बनाउन प्रभु महालक्ष्मीको सहयोग महत्वपूर्ण रहेको भन्दै कम्पनीलाई धन्यवाद दिए । कार्यक्रममा कम्पनी सञ्चालक समिति सदस्यहरु भावना बलायर, वीरेन्द्रजंग पाण्डे, प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईं, नायब प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेको उपस्थिति थियो ।

### ● प्रोफेसनल होल्डिङ्सले ५० प्रतिशत बोनस सेयर र नगद लाभांश दिने

प्रोफेसनल होल्डिङ्स लिमिटेड (साबिक प्रोफेसनल एजुकेटर्स लिमिटेड)को २०औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ। गत चैत २८ गते ग्लोबल कलेज, बानेश्वरमा सम्पन्न साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदनसहितका वार्षिक विवरणहरु पारित गऱ्यो।

साधारणसभाले कम्पनीको लेखा परीक्षण गर्नका लागि एनबिएसएम एन्ड एसोसिएट्स चार्टर्ड अकाउन्टेन्ट फर्मलाई लेखापरीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरेको छ। सभाले सेयरधनीहरूका लागि हाल कायम चुक्ता पुँजीको ५० प्रतिशत बोनस सेयर र सो बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि २.६३१६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्तावसमेत सर्वसम्मतिले पारित गरेको छ। बोनस सेयर जारीपश्चात् कम्पनीको जारी तथा चुक्ता पुँजीमा हुने वृद्धिलाई समेत सभाले अनुमोदन गरी कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव पारित गरेको छ। कम्पनीको जारी पुँजीको निश्चित प्रतिशत सेयर सर्वसाधारणमा निष्कासन गर्ने र सो सम्बन्धमा आवश्यक सम्पूर्ण कानुनी तथा प्रशासनिक प्रक्रियाहरु पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पनि पारित गरिएको छ।

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक कार्यहरूमा खर्च गर्ने गरी अनुदान प्रदान गर्नेलगायत अन्य विविध सामान्य तथा विशेष प्रस्तावहरूसमेत सभाद्वारा परित भएको छ। सो अवसरमा कम्पनीको सहायक कम्पनी युनिग्लोब हायर सेकेन्डरी स्कुल काठमाडौं लिमिटेडले पनि सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम हाल कायम चुक्ता पुँजीको पाँच प्रतिशत बोनस सेयर र सोमा लाग्ने कर प्रयोजनका लागि ०.२६३२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गरेको छ।

### ● प्रोटोनको 'सेल्स एन्ड एक्सचेन्ज एक्सिलेन्स' योजना

नेपालमा प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्सले सेल्स एन्ड एक्सचेन्ज एक्सिलेन्स योजना सार्वजनिक गरेको छ । कम्पनीले १३ वैशाखदेखि १५ गतेसम्म नेपालभर रहेका सबै प्रोटोन सोरूमहरूमा योजना सञ्चालन गरेको हो ।

योजनाअन्तर्गत ग्राहकले आफ्नो पुरानो गाडी साटेर प्रोटोनका विभिन्न मोडेलहरु आकर्षक सुविधासहित खरिद गर्न सक्नेछन् । यस योजनाअन्तर्गत ग्राहकले आकर्षक नगद छुट, पुरानो गाडीको उत्कृष्ट एक्सचेन्ज मूल्य, एक वर्षको नि:शुल्क बिमा, एक वर्षको रोड ट्याक्स, सात किलोवाटको चार्जर तथा आठ वर्षसम्मको वारेन्टी सुविधा प्राप्त गर्न सक्नेछन् ।

### ● एनआइएमबीले दियो सिर्जना बहिराका विद्यार्थीलाई पोसाक

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआइएमबी)ले पोखराको एक विद्यालयका विद्यार्थीलाई विद्यालय पोसाक सहयोग गरेको छ । बैंकले पोखरा महानगरपालिका वडा नम्बर २६ स्थित सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालयका विद्यार्थीलाई पोसाक ट्र्याकसुट वितरण गरेको हो । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले विद्यालयमा अध्ययनरत एक सय ८१ जना विद्यार्थीलाई पोसाक वितरण गरेको हो । बैंकको पोखरा लेखनाथ शाखामार्फत विद्यार्थीलाई पोसाक वितरण गरिएको बैंकको अर्घौं शाखाका प्रमुख प्रकाश सिग्देलले जानकारी दिए । शिक्षाको क्षेत्रमा संस्थागत उत्तरदायित्वअन्तर्गत विद्यार्थीलाई पोसाकमा सहयोग गरेको उनले बताए ।

### ● सुबिसुको वाइफाई-६ इन्टरनेट सेवा सार्वजनिक

इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसुले नेपालमै पहिलोपटक वाइफाई-६ प्रविधिमा आधारित नयाँ पुस्ताको इन्टरनेट सेवा सार्वजनिक गरेको छ । कम्पनीले पहिलोपटक इन्टरनेट सुरक्षालाई मुख्य सेवाका रूपमा समावेश गरी नयाँ अवधारणा पनि ल्याएको जनाएको छ । नेपालमा वाइफाई-६ प्रविधि उपलब्ध भए पनि उच्चस्तरको सुरक्षालाई प्राथमिकतामा राखेर सेवा दिने सुबिसु पहिलो हो । कम्पनीले गति, स्थिरता र सुरक्षालाई एकैसाथ जोड्दै प्रयोगकर्तालाई सुरक्षित इन्टरनेट अनुभव दिने लक्ष्य राखेको बताएको छ । नयाँ सेवाअन्तर्गत यो प्रविधिले उच्च गतिको इन्टरनेट, फराकिलो कभरेज र एकै समयमा धेरै डिभाइस जडान गर्ने क्षमता प्रदान गर्ने कम्पनीको दाबी छ । साथै, लो-लेटेन्सीमार्फत सहज अनलाइन अनुभव र डिभाइसहरूको ब्याट्री बचतमा समेत सहयोग पुग्ने बताइएको छ ।

यसमा 'सुबिसु सुरक्षा' नामक सुरक्षात्मक तह रहेको छ, जसले प्रयोगकर्तालाई हानिकारक वेबसाइट, साइबर जोखिम तथा अनधिकृत पहुँचबाट जोगाउनेछ । यसले व्यक्तिगत गोपनीयता र डेटा सुरक्षालाई सुनिश्चित गर्दै परिवार र व्यावसायिक प्रयोगका लागि सुरक्षित ब्राउजिङ वातावरण तयार गर्ने कम्पनीको दाबी छ । ग्राहकको आवश्यकतालाई सहज बनाउन तीनवटा प्याकेज ल्याइएको छ, जसमा वाइफाई-६, प्रो वाइफाई-६ र इलाइट वाइफाई-६ रहेका छन् ।

### ● याम्बलिङको आइपिओ खुल्यो

सर्वसाधारण लगानीकर्ताका लागि याम्बलिङ हाइड्रोपावर कम्पनी लिमिटेडको प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) बिक्री खुला भएको छ । कम्पनीले १६ वैशाखदेखि आइपिओ खुला गरेको जनाएको छ ।

कम्पनीले जारी पुँजी ७० करोड रूपैयाँको ४० प्रतिशतले हुने २८ लाख कित्ता आइपिओ निष्कासन गर्न अनुमति पाएको थियो । पहिलो चरणमा कम्पनीले आयोजना प्रभावितलाई सात लाख कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई दुई लाख १० हजार कित्ता बिक्री गरेर बाँडफाँट गरिसकेको छ ।

अहिले दोस्रो चरणमा एक लाख पाँच हजार कित्ता सामूहिक लगानी कोष र ४२ हजार कित्ता कम्पनीमा कर्मचारीलाई छुट्याइएको छ । बाँकी १७ लाख ४३ हजार कित्ता सर्वसाधारणलाई बिक्री खुलाइएको हो । प्रतिकित्ता १०० रूपैयाँ तोकिएको कम्पनीको आइपिओमा न्यूनतम १० कित्ता र अधिकतम २१ हजार कित्तासम्म भर्न २२ वैशाखसम्म भर्न पाइनेछ ।

### ● नर्भिक इन्टरनेसनल हस्पिटलको सेयर निष्कासनसम्बन्धी छलफल

नर्भिक इन्टरनेसनल हस्पिटल लिमिटेडको सेयर निष्कासनसम्बन्धी बुक-बिल्डिङ प्रक्रियाअन्तर्गत छलफल 'रोड सो' कार्यक्रम सम्पन्न भएको छ। वैशाख ११ गते मेरियट होटेल नक्सालमा निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सनराइज क्यापिटलले आयोजना गरेको 'रोड सो'मा योग्य संस्थागत लगानीकर्ताहरूको सहभागिता थियो।

कार्यक्रममा संस्थागत लगानीकर्ताहरूले मूल्य निर्धारण, माग तथा मूल्यांकनसम्बन्धी आफ्ना धारणा तथा सुझाव प्रस्तुत गरेका थिए। प्रस्तुति तथा छलफलमार्फत नर्भिक इन्टरनेसनल हस्पिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अजयकुमार मिश्रले वर्तमान सञ्चालन अवस्था, वित्तीय कार्य सम्पादन, रणनीतिक दिशा तथा भविष्य विस्तार योजनाबारे विस्तृत जानकारी प्रदान गरेका थिए।

उक्त अन्तर्क्रियाले संस्थागत लगानीकर्ताहरूमा अस्पतालको दिगो विकास र सेवासम्बन्धी सम्भावनाबारे स्पष्ट बुझाइदिन सफल भएको अस्पतालले जनाएको छ। लक्ष्मी सनराइज क्यापिटलले कार्यक्रममा मूल्यांकन पद्धति, मूल्य निर्धारणका आधारहरु, मागको विश्लेषण, बुक-बिल्डिङ संरचना तथा नियामक प्रावधानसम्बन्धी विस्तृत जानकारी दिएको थियो। सहभागी लगानीकर्ताहरूले प्रस्तुत गरिएको मूल्य खोजी प्रक्रिया पारदर्शी, व्यावसायिक तथा विश्वास योग्य रहेको धारणा व्यक्त गरेका थिए।

### ● सेयर निष्कासनसम्बन्धी नर्भिक हस्पिटलको 'रोड सो'

नर्भिक इन्टरनेसनल हस्पिटलले सेयर निष्कासनसम्बन्धी बुक-बिल्डिङ प्रक्रियाअन्तर्गत छलफल 'रोड सो' सम्पन्न गरेको छ । निष्कासन तथा बिक्री प्रबन्धक लक्ष्मी सन्राइज क्यापिटलद्वारा आयोजित 'रोड सो'मा यो संस्थागत लगानीकर्ताले मूल्य निर्धारण, माग तथा मूल्यांकनसम्बन्धी छलफल भएको थियो । छलफलमार्फत नर्भिक हस्पिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अजयकुमार मिश्रले वर्तमान सञ्चालन अवस्था, वित्तीय कार्यसम्पादन, रणनीतिक दिशा तथा भविष्य विस्तार योजनाबारे विस्तृत जानकारी दिएका थिए । लक्ष्मी सन्राइज क्यापिटलले 'रोड सो' कार्यक्रममा मूल्यांकन पद्धति, मूल्य निर्धारणका आधारहरु, मागको विश्लेषण, बुक-बिल्डिङ संरचना तथा नियामक प्रावधानसम्बन्धी विस्तृत जानकारी दिएको थियो । सहभागी लगानीकर्ताले प्रस्तुत गरिएको मूल्य खोजी प्रक्रिया पारदर्शी, व्यावसायिक तथा विश्वासयोग्य रहेको धारणा व्यक्त गरेका थिए । योग्य संस्थागत लगानीकर्ताले आफूले खरिद गर्न चाहेको सेयर संख्या तथा प्रस्तावित अभिप्रेत मूल्य सिलबन्द खाममा २१ वैशाखभित्र आशयपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

### ● जेठ १३ र १४ मा भक्तपुरमा ब्युटी एन्ड बिजनेस एक्स्पो हुने

आगामी जेठ १३ र १४ गते भक्तपुरको गट्ठाघरस्थित जर्मन होम्स हस्पिटालिटीमा 'ग्रान्ड ब्युटी एन्ड बिजनेस एक्स्पो विथ हाटबजार' हुने भएको छ । सौन्दर्य तथा साजसज्जा व्यवसायलाई एउटै मञ्चमा जोड्ने उद्देश्यले आयोजना गरेको एक्स्पो अन्तर्राष्ट्रियस्तरको रहने आयोजक संस्था युथ इको नेपालका अध्यक्ष आकाश गजुरेलले बताएका छन् ।

सो अवसरमा सयवटा स्टलमार्फत हाटबजारको स्वरूप दिइने र व्यवसाय प्रवर्द्धन गरिने जर्मन होम्स हस्पिटालिटीका प्रमुख कार्यकारी अधिकृत राजन कार्कीले बताएका छन् । सौन्दर्य कला, साजसज्जा तथा भक्तपुरको मौलिक पहिचानको प्रवर्द्धन गर्ने वस्तु तथा सेवा हाटबजारमा राखिने उनले बताए ।

एक्स्पोको प्रमुख आकर्षणका रूपमा भारतका चर्चित हेयर आर्टिस्ट जावेद हबिबको विशेष उपस्थिति र प्रशिक्षण रहने अध्यक्ष गजुरेलले बताए । त्यस्तै, म्याक अब्राहम, रोहित तिवारी तथा नेपालका लोकप्रिय कलाकार चिरागको समेत सहभागिता रहने उनले बताए ।

## संसदमा...

पार्टीकी सांसद रूविना ठाकुर रहेकी छन् भने प्रमुख विपक्षी दलको नेतामा नेपाली कांग्रेसका नेता भिष्मराज आङ्देम्वे रहेका छन् । दलगत रूपमा सम्वैधानिक परिषद्को पदाधिकारीमा रास्वपाका प्रधानमन्त्री बालेन साह र प्रतिनिधिसभाका सभामुख डोल प्रसाद अर्याल मात्र रहेका छन् । प्रधानन्यायाधिश सामान्यतया परिषद्को बैठकमा स्वतन्त्र रहने भएपनि राष्ट्रिय सभा अध्यक्ष, प्रतिनिधिसभाका उपसभामुख र विपक्षी दलका नेता विपक्षीमा रहने भएकाले सम्वैधानिक परिषद्ले एकमतले निर्णय गर्न सक्ने सम्भावना रहँदैन । अहिले सरकारको पक्षमा प्रधानमन्त्री साह र सभामुखमात्र देखिएका छन् भने रास्वपाले समर्थन गरेकी उपसभामुख श्रम, संस्कृति पार्टीकी सदस्य भएकाले र पछिल्लो समयमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुकुम्बासी हटाउने अभियानको विरोधमा रहेकाले उपसभामुखले सरकारलाई समर्थन गर्न सक्ने सम्भावना न्यून देखिएकोले गर्दा सरकारले अध्यादेशमार्फत प्रधानमन्त्री सहित ३ जनाले गरेका निर्णयलाई कानुन सम्वत हुने उल्लेख गर्दै अध्यादेश ल्याउन खोजेको छ ।

सम्वैधानिक परिषद्मा जम्मा ६ जना हुने भएपनि बैठकका निर्णयहरु सर्वसम्मत हुन सक्ने सम्भावना रहँदैन । त्यसैले गर्दा साह सरकारले प्रधानमन्त्री सहित तीन जनताले गरेको निर्णयपनि कानुन सम्वत् हुने भन्ने उल्लेख गरेका अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालयमा बैशाख १५ गते पठाएको छ । सो अध्यादेशका बारेमा चौतर्फी विरोध भएको छ भने कानुनविद्हरूले समेत त्यसको विरोध गरेका छन् । व्यवस्थापिका विधायिकी अधिकारमाथि भएको कार्यपालिकाको अतिक्रमण रोकेर संसदको अधिवेशन बोलाउन राजनीतिक दल र कानुनविद्हरूले माग गरेका छन् ।

सम्वैधानिक परिषद्सम्बन्धी ऐनको व्यवस्था अहिले पनि ज्यूँका त्यूँ रहेको अवस्थामा त्यसलाई वेवास्ता गर्दै जान्नेलाई छान्ने बताउँदै आएको रास्वपा नेतृत्वको सरकारले आफ्नो स्वार्थ पूरा गर्नुका लागि संसदलाई बन्धक बनाएर अध्यादेश ल्याउने प्रयास गर्नु लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाउनु बाहेक अन्य केही हुन सक्दैन । बालेन नेतृत्वको सरकारले गरेका हरेक निर्णयहरु विवादको घेरामा पर्दै गएका छन् । सरकारी विज्ञापन निजी क्षेत्रका सञ्चारमाध्यमहरूलाई नदिने निर्णय गर्दै चैत्र १८ गते सम्पूर्ण सरकारी कार्यालयमा पत्राचार गर्नु र सबै सूचनाहरु पहिला प्रधानमन्त्री कार्यालयबाटै स्वीकृत्ति लिएर मात्र सार्वजनिक गर्नु भन्ने सरकारको निर्णयसमेत विवादमा पर्दै गएको छ भने विज्ञापन सबै सञ्चार माध्यमहरूले पाउनुपर्दछ भन्दै नेपाल पत्रकार महासंघ आन्दोलनमा गएको भएपनि दुई तिहाईको दम्भले गर्दा बालेन सरकार कानमा तेल हालेर बसेको छ ।

सर्बोच्च अदालतले ५ वर्ष पहिला नै संसदलाई छलेर अध्यादेशको भरमा शासन गर्ने सरकारको निरन्तताको अभ्यासलाई शान्ति प्रक्रिया सिद्धान्तको विपरित भनेको थियो । संसद छल्ने उदेश्यले जारी गरिएको अध्यादेशलाई छदम् विद्यायन भन्दै तिनले बैधानिकता प्राप्त गर्न नसक्ने ठहर सर्बोच्च अदालतले गरेको थियो । अध्यादेश ल्याउने सरकारको अधिकार अपवादका रूपमा रहेको भएपनि आह्वान गरिसकेको अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउने प्रयास गर्नु र सबै राजनीतिक दलहरूलाई विश्वासमा लिएर अघि बढ्नुको बदला आफू अल्पमतमा पर्दछु भनेर अध्यादेश मार्फत गाँठो फुकाउन खोल्नु त्यो अर्को असम्वैधानिक कार्य हो । आफू बाहेक सम्वैधानिक परिषद्मा रहेका ५ जनाको विश्वास जित्न नसक्ने व्यक्तिले कसरी नेपाली जनताको विश्वास जित्लान् त भन्ने प्रश्न अहिले अध्यादेश ल्याउन खोज्नुले उठाएको छ । संविधानले प्रत्येक वर्ष जेष्ठ १५ गते संसदमा बजेट पेश गर्नुपर्ने व्यवस्था गरेको छ । आह्वान गरिएको संसदको अधिवेशन स्थगित भए पछि अनेक प्रश्नहरु उठेका छन् । संसदमा बजेट पेश गर्नु अघि प्रि बजेटको बारेमा संसदमा छलफल हुनुपर्ने र सरकारको नीति तथा कार्यक्रम समेत राष्ट्रपतिले संसदको संयुक्त बैठकमा पेश गर्नुपर्ने सम्वैधानिक व्यवस्था रहेकाले सरकारले अब अहिले राष्ट्रपति कार्यालय पठाएको अध्यादेश फिर्ता लिएर तत्काल संसदको अधिवेशनमा आह्वान गरी सबै समस्याको समाधान संसद मै खोज्नु उपर्युक्त हुनेछ ।

बहुतको दम्भ देखाएर सरकार अघि बढ्न खोजेको खण्डमा त्यस्तो कार्य सरकारकै लागि घाँडो सावित हुन सक्छ । यस भन्दा अगाडि पनि विभिन्न समयमा एकल बहुमतका सरकार निर्माण भएको इतिहास साक्षी रहेको छ तर ती कुनै पनि सरकारले पाँच वर्षे कार्यकाल पूरा गर्न नसकेको हेक्का रास्वपा र प्रधानमन्त्री बालेन साहलाई होस् । जान्नेलाई छान्ने भन्दै एक पटक जनतालाई झुक्याउन सफल भएपनि त्यो टिकाउ हुन सक्दैन भन्ने इतिहास विगतले देखाएको छ ।

# निजामती कर्मचारीलाई १५ दिनमा तलब दिन सुरु

काठमाडौं । सरकारले कर्मचारीलाई १५ दिनमै पारिश्रमिक दिने कार्य सुरू गरेको छ। पाइलट परियोजनाको रूपमा उक्त कार्य बुधबारदेखि कार्यन्वयनमा आएको अर्थ मन्त्रालयले जनाएको छ। बुधबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबिच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १५ दिनमै कर्मचारीलाई तलब दिने कार्यको शुभारम्भ गरेका हुन्।

महालेखा नियन्त्रक कार्यालयको कर्मचारीहरूलाई तलब प्रविष्ट गर्ने प्रणाली कम्प्युटराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास)मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई अर्थमन्त्री वाग्लेले १५ दिनमै तलब दिने कार्यको सुरूवात गरेका हुन्। अर्थमन्त्रीको सो आदेशसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो अर्धमासिक तलब प्राप्त गरेका छन्।

१५ दिनमै तलब भुक्तानी कार्यको शुभारम्भ गर्दै अर्थमन्त्री डा. वाग्लेले अर्थतन्त्र चलायमान बनाउन सरकारले यस्तो निर्णय गरेको बताए। '१५ दिनमा तलब दिँदा बजार चलायमान हुन्छ। उपभोग र माग दुवै बढ्छ,' उनले भने, 'यो पाइलट परियोजनाको रूपमा संघीय निजामती कर्मचारीमा लागू गरिएको हो। विस्तारै सरकारी वेतनधारी सबैले यो सुविधा पाउनुहुन्छ।'

उनले मन्त्रालयले निर्णय गरेको ११ दिनमै प्राविधिक तयारी पूरा गरेर १५ दिनमै तलब दिन मेहनत गरेको भन्दै महालेखा नियन्त्रक कार्यालयलाई धन्यवाद दिए।

सो अवसरमा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले अब विस्तारै प्रदेश तथा अन्य सेवाका सरकारी कर्मचारीले पनि १५ दिनमा तलब पाउने बताए। १५ दिनमा तलब दिन आफ्नो कार्यालय प्राविधिक रूपमा तयार रहेको भन्दै उनले यसलाई क्रमैसँग अघि बढाउने प्रस्ट पारे।

उनका अनुसार अहिले रहेको प्रणालीबाट १५ दिन वा एक महिना जुन समयमा कर्मचारीले तलबको माग गर्छन्, सोही समयमा तलब दिन सकिन्छ।

## द्वन्द्वकालिन...

गएका थिए ।

उनीहरूले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा नियुक्त पदाधिकारीहरूको बदर माग गरेका थिए । ती मागहरूमा आदेश जारी नगरे पनि सर्वोच्च अदालतले मानवअधिकारको विषयवस्तु टुंग्याउन आयोगलाई निर्देशनात्मक आदेश दिएको हो । संवैधानिक इजलासले आदेशको व्यहोरा भने तयार गरिसकेकको छैन । यो आदेशले सरकारमाथि मानवअधिरका उल्लंघनका विषयहरूका बारेमा उठेका मुद्दाहरु तत्काल टुँग्याउनुपर्ने आवश्यकता देखिएको छ ।

## सुकुम्बासी...

निर्देशनमा काठमाडौको थापाथली, गौरीगाउँ, मनोहरालगायतका बसोबास गर्दै आएका सुकुम्बासी बस्तीहरु हटाइएको छ । प्रधानमन्त्री साह काठमाडौ महानगरको मेयर रहेको बेला काठमाडौका सुकुम्बासीलाई हटाउन लागि परेका थिए तर त्यसबेला उनले हटाउन नसकेका हुनाले अहिले प्रहरी प्रशासन लगाएर सुकुम्बासी वस्ती हटाएका छन् ।

त्रिभुवन विश्व विद्यालयको झण्डै २ हजार रोपनी भन्दा बढी जग्गा अतिक्रमित भएको छ । विभिन्न संघ संस्था र व्यक्तिहरूले जग्गा अतिक्रमण गरेर निजी निवास बनाएका छन् । तर उनीहरूलाई हटाउने प्रयास पहिला पनि नभएको होइन । केपी ओली नेतृत्वको सरकारले जग्गा अतिक्रमण भएको भन्दै छानविन समिति नै बनाएर छानविन गरेको थियो । तर, त्यसबेला राजनीतिक दलहरूबीचमा सहमति नहुँदा त्रिविविको जग्गा फिर्ता ल्याउन सरकारले सकेको थिएन अहिले रास्वपाको नेतृत्वको एकल सरकार रहेको हुनाले सरकारले चाहेको खण्डमा जसरी सुकुम्बासी समस्या समाधान गर्न खोजिरहेछ त्यसैगरी त्रिविविको अतिक्रमति जग्गा फिर्ता ल्याउन सक्छ भन्ने विश्वास जनताा बढेको छ । सुकुम्बासीहरूलाई छानविन गरी सुकुम्बासी रहेका मुलुकभरमै सुकुम्बासीलाई एक पटक जग्गा दिएर उनीहरूलाई सुकुम्बासीबाट मुक्त गराउने दायित्व सरकारकै हो ।

## पूर्वविशिष्ट...

व्यवस्था खारेज गरिदिएको हो ।

पूर्व विशिष्ठ व्यक्तिहरूमा पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, पूर्व सभामुख, पूर्व प्रधानन्यायाधि, न्यायाधिश र पूर्व उपसभामुख, पूर्व उपप्रधानमन्त्रीहरु पूर्व मन्त्रीहरु, पूर्व राज्यमन्त्रीहरु, पूर्व सहायक मन्त्रीहरु, पूर्व सांसदहरु र सम्वैधानिक निकायका पदाधिकारीहरु पर्दछन् । खारेज गरिएको व्यवस्थामा मुटु, मिर्गौला, क्यान्सर, पाकिसन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेडक इन्जुरी, कलेजो, अप्लास्टिक एनिमिया, थालिसिमिया, मस्तिष्कघात, सिकलसेल, एनिमिया लगायत गम्भीर रोगहरूको उपचार समेटिएको थियो । उनीहरूको उपचारमा प्रत्येक वर्ष राज्यकोषबाट ठुलो रकम खर्च हुँदै आएको भएपनि दुर्गम क्षेत्रका जनता र गरिब जनताले भने राज्यकोषबाट उपचार पाउन सकेका थिएनन् ।

यो व्यवस्था अनुसार पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, पूर्व प्रधानन्यायाधिश तथा पूर्व सभामुखलाई अधिकतम १५ लाखसम्म पूर्व उपसभामुख, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसांसद तथा सम्वैधानिक निकायका पदाधिकारीहरूलाई अधिकतम १० लाख र शिक्षा, कला, साहित्य, सञ्चार, खेलकूद लगायतका क्षेत्रमा उल्लेखनीय योगदान दिएका व्यक्तिलाई अधिकतम ७ लाख रूपैँयासम्म उपचार खर्च दिने व्यवस्था गरिएको भएपनि दलगत स्वार्थका कारण र पहुँच पुग्न सक्ने व्यक्तिबाहेकका शिक्षा, कला, साहित्य, सञ्चार खेलकूद क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरूले भने त्यस्तो उपचार खर्च केहीले मात्र पाउने गरेका थिए । काठमाडौ उपत्यकाभित्र निजी निवास रहेका पूर्व प्रधानमन्त्री सहितका अन्य पदाधिकारीहरूले भने त्यस्तो उपचार खर्च लिँदै आएका थिए ।

## सरकारी...

निर्णय गरेर लोकतान्त्रिक व्यवस्थाको धज्जी उडाएको छ । यस्तो कदम केबल आर्थिक मात्र नभई स्वतन्त्र प्रेसको धाँटी निमोट्न एकाधिकार चाँहि उपज त होइन भन्ने प्रश्न समेत उठेको छ । २००७, २०४६, २०६२/६३ सबै राजनीतिक परिवर्तनमा प्रत्येक ऐतिहासिक मोडहरूमा निजी क्षेत्रका सञ्चारमाध्यमहरूले नै जनमत निर्माण गरेको इतिहास साँक्षी रहेको छ । जेलनेल खाएर भएपनि निजी क्षेत्रको सञ्चार माध्यमहरूले प्रेस स्वतन्त्रताका लागि पहरेदार गरेका हुन् । आजको लोकतान्त्रिक जगको निर्माण निजी क्षेत्रको सात दशक लामो लगानी र बलिदान रहेको तथ्यलाई बालेन सरकारले नजर अन्दाज गर्नु विडम्वनापूर्ण रहेको छ ।

विज्ञापन कुनै दया माया र दान होइन यो भनेको सूचनाको हक र बजारका हिंसा लोकतन्त्रमा राज्यका सूचनाहरु समानुपातिक ढँगले नागरिकसम्म पुर्‍याउने निजी क्षेत्रका सञ्चार माध्यम नै सरकारी भन्दा प्रभावकारी हुन्छन् त्यसैले सरकारले हालै गरेको निर्णय तत्काल फिर्ता गरी सरकारी विज्ञापन निजी क्षेत्रका सञ्चार माध्यमलाई दिने निर्णय गरोस् ।

## प्रस्तावित...

र संविधानको पक्षमा निरन्तर जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्दै आएको सरकारलाई स्मरण गराएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वैशाख ११ गते संघीय निजामति सेवा सम्बन्धी विधेयकको मस्यौदा सुझावका लागि सार्वजनिक गरेको विषयलाई सकारात्मक रूमपा स्वागत गर्दै युनियनहरूले त्यसमा समावेश केही प्रावधानहरूप्रति असन्तुष्टि जनाएका छन् । विशेष गरी कर्मचारीलाई संगठित हुने तथा सामुहिक सौदाबाजी गर्ने अधिकार कटौती गर्ने प्रयास भएको भन्दै उनीहरूले कडा विरोध जनाएका छन् ।

उनीहरूले जारी गरेको विज्ञप्तिमा नेपालको संविधान २०७२ को धारा १७ र ३४ ले प्रदान गरेको संघ, संगठन तथा श्रम अधिकारको स्पष्ट व्यवस्था उल्लेख गर्दै ती अधिकार कुण्ठित गर्ने कुनै पनि प्रयास अस्वीकार्य हुने चेतावनी समेत दिएका छन् । साथै अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का विभिन्न अभिसन्धीहरूले समेत सार्वजनिक सेवामा ट्रेड युनियन अधिकार सुरक्षित गरेको सन्दर्भ समेत उल्लेख गरेका छन् । यसरी विज्ञप्ति जारी गर्नेहरूमा नेपाली निजामति कर्मचारी संगठन, नेपाल राष्ट्रिय निजामित कर्मचारी संगठन, नेपाल मधेशी निजामति कर्मचारी मञ्च, नेपाल निजामति कर्मचारी युनियन, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल रहेका छन् । विज्ञप्तिमा माथि उल्लेखित सबै संघ संगठनहरूका अध्यक्षहरूले हस्ताक्षर गरेर विज्ञप्ति जारी गरेका हुन् ।

## सम्वैधानिक...

सम्वैधानिक परिषद्ले पूर्णता पाएको हुनाले अब अन्य सम्वैधानिक निकायहरु निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त सहित २ आयुक्त, राष्ट्रि प्राकृत्तिक स्रोत तथा वित्तिय आयोगको अध्यक्ष, समावेशी आयोगको अध्यक्ष र एक सदस्य अख्तियार दुरूपयोग अनुसन्धान आयोगका एक सदस्य लगायत अन्य केही आयोगका सदस्यहरूको सिफारिस गर्नुपर्ने हुन्छ । प्रधानन्यायाधिशको सिफारिसका लागि भने प्रधानन्यायाधिशको सट्टा कानुनमन्त्रीले परिषद्को बैठकमा भाग लिने सम्वैधानिक व्यवस्था रहेको छ ।

सत्ताधारी दल रास्वपाले सम्वैधानिक निकायमा सिफारिस गरेका व्यक्तिलाई श्रम संस्कृति पार्टीकी उपसभामुखले प्रधानमन्त्रीले सिफारिस गरेका व्यक्तिको पक्षमा सहमति जनाए बहुमत हुन्छ । कांग्रेस र नेकपाका पक्षमा २ मत रहेकाले गर्दा रास्वपाले चाहेको खण्डमा श्रम संस्कृत्ति पार्टीकी उपसभामुखले प्रधानमन्त्रीले सिफारिस गरेका व्यक्तिको पक्षमा बहुमत हुन्छ । कांग्रेस र नेकपाका पक्षमा २ मत रहेकोले गर्दा रास्वपाले चाहेको खण्डमा श्रम संस्कृति पार्टीको सिफारिसमा समेत केही व्यक्तिहरु सम्वैधानिक निकायमा पुग्न सक्ने सम्भावना रहेको छ । यसले गर्दा श्रम संस्कृति र प्रधानन्यायाधिश नै निर्णयक हुन सक्ने अहिलेको अवस्था रहेको छ ।

## सरकारकालाई...

त्यो रास्वपाले होइन बालेन साहलाई दिएको मत हो ।

बालेन साहको नेतृत्वमा रास्वपाको चुनावी अभियानले देशका ठुला पार्टीहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी र मधेशवादी पार्टीहरूलाई धराशयी बनायो । नेपाली कांग्रेसका सभापति गगन थापाले विशेष विशेष महाधिवेशनबाट आफू सभापति चुनिएकोले मुलुकभरकै जुन निर्वाचन क्षेत्रबाट उम्मेदवार बने पनि निर्वाचित हुने उद्घोष गर्दै काठमाडौ छाडेर सर्लाही पुगेका थिए तर उनलाई रास्वपाका अमरेश सिंहले नराम्रोसँग पराजित गरे । सबै दलका प्राय नाम चलेका नेताहरु निर्वाचनमा पराजित भएपछि पुराना दलहरूलाई संकट बढ्दै गएको छ भने उनीहरूको उपस्थिति संसदमा कमजोर रहेको र रास्वपाका झण्डै दुई तिहाई मत रहेकाले रास्वपा एक्लै महत्वपूर्ण निर्णय संसदबाटै गराउन सक्ने अवस्था देखिन्छ ।

संसदबाट विधेयकहरु पारित गराउन रास्वपाको सरकारलाई कुनै समस्या देखिँदैन । संसद र संसदीय समितिहरूमा समेत उसैको बहुमत रहने भएकाले उसले भनेजस्तै निर्णयहरु पारित हुन सक्छन् । प्रतिनिधिसभाले पारित गरेर राष्ट्रिय सभामा पठाएका विधेयकहरूमा राष्ट्रियसभाले परिमार्जन गरेको खण्डमा पनि त्यसलाई स्वीकार गर्ने कि नगर्ने भन्ने निर्णय प्रतिनिधिसभाले नै गर्न सक्ने कानुनी व्यवस्था रहेकाले प्रतिनिधि सभाले गरेको निर्णयलाई नै पुन प्रतिनिधिसभाले अन्तिम रूप दिन सक्ने भएकाले सामान्य कानुन बनाउन रास्वपाको नेतृत्वको सरकारलाई कुनै अवरोध हुने अवस्था देखिँदैन । त्यसले पनि प्रतिनिधिसभाका सभामुख समेत रास्वपाबाटै निर्वाचित भएका हुनाले रास्वपाको सरकारले एकलौटी विधेयकहरु आफ्नो स्वार्थ अनुसार पारित गराउने खतरा समेत देखिएको छ ।

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दवाव, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार